स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउनुपर्छ... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक ३२ • २०८२ साल असार ७ गते शनिवार (21 June, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## पूर्वअध्यक्ष साह सहित ३ जनाविरुद्ध पक्राउ पुर्जी



**टुडे समाचारदाता**

रौतहट । रौतहटको दुर्गा भगवती गाँउपालिकाका पूर्वअध्यक्ष अरुण साहसहित ३ जनाविरुद्ध रौतहट जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ।

जग्गा सम्बन्धी कारोबारमा रकम ठगी गरेको मुद्दामा अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय गरुडाले जिल्ला अदालत रौतहटसँग गत जेठ १३ गते अनुमति माग गरेको डिएसपी राजन कार्कीले जानकारी दिए। रौतहट प्रहरीको माग अनुसार अदालतले पूर्वअध्यक्ष साह सहित ३ जनालाई पक्राउ गर्न आदेश जारी गरेको छ।

गरुडा नगरपालिका- ६ स्थित पोठियाहीका सन्तोष कुमार चौधरीले काठमाण्डु नागार्जुन- ४ का विमला देवी श्रेष्ठ र धीरज श्रेष्ठसंग सर्लाहीको हरिपुर- ७ मा रहेको जग्गा खरिदका लागि गरेको सम्झौता बमोजिम पटक पटक गरी १ करोड ४३ लाख रकम नगद र चेक समेत बुझाएका थिए। सो जग्गा खरिद बिक्रीमा संलग्न साहलाई चौधरीले आफ्ना ससुरा प्रभन्य चौधरीको नाममा रहेको नेपाल बैंक लिमिटिडको चेक मार्फत २०८१ भदौं १९ गते साहलाई १० लाख रुपैयाँको चेक दिएका थिए।

सो पछि पटक पटक जग्गा पास गराउन भन्दा आलटाल गर्दै आएकाले पीडित सन्तोष चौधरीले पीडक विमला श्रेष्ठ, धीरज श्रेष्ठ र अरुण साह विरुद्ध १ करोड ४३ लाख ५० हजार ठगी गरेको आरोपमा इलाका प्रहरी कार्यालय गरुडामा मुद्दा दायर गरेका थिए।

मुद्दामा प्रहरीको अनुसन्धानको लागि अदालतले अरुण साह, विमला देवी श्रेष्ठ र धीरज श्रेष्ठलाई पक्राउ गर्न आदेश दिएको छ।

इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीले ठगी मुद्दामा संलग्न तीनैजना लाई पक्राउ गर्ने तयारी भईरहेको बताएका छन्।

### निमित्त प्रशासकीय अधिकृत श्रीवास्तव र सुब्बा साह पक्राउ

# पोखरिया नगरपालिकामा अख्तियार केन्द्रको छापा, कागजात नियन्त्रणमा

**अनिल तिवारी**

वीरगञ्ज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगाल काठमाण्डुको टोलीले शुक्रबार पर्सा जिल्लाको बहुदरामाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत र नायब सुब्बालाई पक्राउ गरेको छ।

अख्तियारको केन्द्रीय टोलीले निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव र नायब सुब्बा संदीप साहलाई पक्राउ गरेको सहायक प्रवक्ता देवी प्रसाद थपलियाले जनाएका छन्।

प्रवक्ता थपलियाका अनुसार निमित्त प्रमुख प्रशासकीय अधिकृत श्रीवास्तवलाई पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकाको वडा नं. १२ प्रतिमा चोक र नायब सुब्बा साहलाई वडा नं. ३ प्रगतिनगरबाट नियन्त्रणमा लिइएको छ।

श्रीवास्तव र साहको साथबाट उनीहरुले प्रयोग गर्ने ४ थान मोबाइल समेत अख्तियारको टोलीले बरामद गरेको छ। अख्तियारको टोलीले उनीहरुलाई फरक फरक स्थानबाट शुक्रवार बिहान करिब साढे ११ बजे तिर पक्राउ गरेको बताइएको छ।

यसअघि श्रीवास्तव पोखरिया नगरपालिकाको निमित्त प्रशासकीय अधिकृत रहेका थिए । हाल उनी बहुदरामाई नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेका छन् । नायब सुब्बा साह भने बहुदरामाई नगरपालिकामा नै कार्यरत रहेका छन्।



अख्यितारका सहायक प्रवक्ता थपलियाले उनीहरुको साथबाट विद्युतिय उपकरणहरु ४ थान बरामद गरिएको पुष्टि गरेका छन्।

श्रीवास्तवमाथि योजना स्वीकृति, खरिद आदेश तथा ठेक्कासम्बन्धी प्रक्रियामा संगठित रूपमा अनियमितता गर्दै अवैध घुस असुली गरेको आरोपसहितको पटक-पटक उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा परेको बताइएको छ । प्रारम्भिक चरणको अनुसन्धानमा नै गम्भीर अनियमितताको संकेत भेटिएकोले उनीहरुलाई नियन्त्रणमा लिएको बताइएको छ।

अख्तियारको टोलीले श्रीवास्तवलाई पोखरिया नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकीय अधिकृतको हैसियतमा पक्राउ गरे पनि बहुदरामाई नगरपालिकामा अनियमितता भएको विषयमा समेत अनुसन्धान हुने बताइएको छ।

पोखरिया र बहुदरमाई नगरपालिकामा लगातार बढेका गुनासोपछि उनीहरुलाई निगरानीमा राखिएको थियो । प्रारम्भिक प्रमाण संकलनपछि अख्तियारले कारबाहीको प्रक्रिया अगाडि बढाएको बताइएको छ।

आयोगको टोलीले पोखरिया नगरपालिकामा शुक्रबार नै छापा मारेको छ। छापामारीमा पोखरिया नगरपालिकाको लेखा, योजना, प्रशासनलगायतका विभिन्न शाखाबाट आवश्यक कागजातहरु नियन्त्रणमा लिएको छ।

आयोगका अनुसार, पोखरिया नगरपालिकाले अनधिकृत कर्मचारी भर्ना, ठेक्का प्रक्रिया, मालसामान खरिद, बजेट विनियोजन र योजनाको कार्यान्वयनमा खुलेआम कानुन मिच्दै भ्रष्टाचार गरेको उजुरीका आधारमा यो छापा मारिएको हो।

प्रारम्भिक अनुसन्धानमै गम्भीर अनियमितताको संकेत भेटिएपछि अख्तियारले पूर्ण तयारीका साथ छापा मारेको जनाइएको छ।

पोखरिया नगरपालिकामा कार्यरत कर्मचारीहरुले विभिन्न योजनाहरुको स्वीकृति एवं कर्मचारी नियुक्ति लगायतका विषयहरुमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम विनय कुमार सिंहको एकथान मोबाइल नियन्त्रणमा लिएको सहायक प्रवक्ता थपलियाले जनाएका छन्।

उनले जनाए अनुसार पोखरिया नगरपालिका वडा नम्बर २ का सचिव ओम प्रकाश चौरसियाको साथबाट समेत एक थान मोबाइल अख्तियारको टोलीले बरामद गरी थप अनुसन्धान भइरहेको छ।

स्रोतका अनुसार श्रीवास्तव पोखरिया नगरपालिकामा प्रशासकीय अधिकृत रहेको बेला योजनाहरुको बिक्री, स्वीकृतिमा रकम लिने गरेको कयौं उजुरी अख्तियारमा परेको थियो । श्रीवास्तवले नायब सुब्बा साहसित मिलेमतो गरी नगरपालिकामा अनेक शीर्षकमा भारी अनियमितता गरेको आरोप लाग्दै आएको थियो । तर पछि उनी बहुदरामाई नगरपालिकामा आए पनि अनियमितता रोकिएन।

मोबाइल बैंकिंगबाट उनीहरुले अवैध रुपमा रकम ट्रान्सफरको काम गरेको आशंका गरिएको छ। अख्तियारको टोली पोखरिया नगरपालिकामा प्रवेश गरेपछि कयौं कर्मचारीहरु लुकेको बताइन्छ। उनीहरु फाँट छाडेर लुकेका थिए। यद्यपि अख्तियारको अनुसन्धान टोलीले पोखरियाबाट कसैलाई नियन्त्रणमा लिएको छैन।

प्रमुख प्रशासकीय अधिकृत सिंह र वडा नम्बर २ का सचिव चौरसियाको मोबाइलबाट रकम ट्रान्सफर भएको स्रोतले जनाएका छन् । स्रोतका अनुसार उनीहरुको मोबाइल अख्तियारको टोलीले नियन्त्रणमा लिएको छ।






# मधेश प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सव सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ।

सो अवसरमा बोल्दै शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी शर्माले केही राजनीति दल र मन्त्रीको व्यक्तिगत कारणले सो प्रतिष्ठान नै खारेजी गर्न लागि परेको बताएकी छन्।

मिथिलाविहारी नगरपालिकामा शुक्रबार भएको कार्यक्रममा मन्त्री शर्माले विगतका मन्त्रीले प्रतिष्ठानको बजेटसमेत विनियोजन नगरिएको र प्रतिष्ठानको नाम समेत उल्लेख नगरेको स्मरण गरिन् । उनले प्रतिष्ठानलाई खारेजी समेत निर्णय गरि दिएको खुलाइन् । उनले भनिन्, ' त्यसपछि मैले मन्त्री बनेपछि त्यो निर्णयलाई समेत दराज बन्द गरि मन्त्री परिषदको बैठकमा मैले लगेन । त्यसपछि प्रतिष्ठानलाई ११ महिना बिना तलबको कर्मचारीहरु खटिरहेको थिए। मैले नै प्रतिष्ठानका सम्पूर्ण कर्मचारीलाई अश्वासनपछि संशोधनमा गरेर बजेट पठाए।'

सो कार्यक्रममा निति आयोगका पुर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले मधेश प्रदेश सरकारले गठन गरेको संस्था मधेश प्रज्ञा प्रतिष्ठान हाम्रै हो भने स्वामित्व लिनुपर्ने बताए। मधेश सरकार पनि यसै सोचलाई दृढतापूर्वक ग्रहण गरी मधेश प्रदेशभरका सबै भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला र संगीत आदिको संरक्षण, संवर्द्धन र विकास गर्न मधेश प्रज्ञा-प्रतिष्ठानको दायित्व रहेको उनले बताए। सो प्रतिष्ठानले मधेशको भूगोल र पहिचानलाई अनुसन्धानमूलक कृतिको माध्यमले थप मजबुतका साथ प्रदेश, राष्ट्र र अन्तर्राष्टिय जगतसम्म पुऱ्याउने आफ्नो लक्ष्य राखेको छ । यसको लागि प्रदेश सरकार, बौद्धिक जमात र अध्यनशील समाजको पूर्ण सहयोग र समर्थन को आवश्यकता रहिरहने डा. झाले बताए।

मधेश प्रदेशमा भाषा, साहित्य, संस्कृति, कला, गीत-संगीत, नाटक आदि क्षेत्रमा बजेट सहितको थप जिम्मेवारी आए त्यसलाई प्रतिष्ठानले आफ्नो जनशक्तिको आधारमा तदारुकताका साथ सञ्चालन गर्ने कार्ययोजना समेत बनाए सो प्रतिष्ठानले जनाएको छ।

मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना २०७९ भदौं १० गतेमा भएको थियो।

## नवविवाहिता हत्या प्रकरणः

# सेटिङमार्फत अभियुक्त हाजिर गराएको आरोप

**सञ्जय मिश्रा**

रौतहट। पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई सफाइ दिने पुनरावेदन अदालतका दुई न्यायाधीश न्याय परिषद् मा तानिएका बेला रौतहट जिल्ला अदालत र प्रहरी प्रशासन बिचौलियाको प्रभावमा परेको चर्चा चुलिएको छ।

जिल्लाको कटहरिया नगरपालिका-५ मा वैशाख २८ गते नवविवाहिता सानिया परवीनको रहस्यमय मृत्यु भएको घटनामा मुख्य अभियुक्त अरमान राय भाटलाई सेटिङका भरमा प्रहरीसमक्ष हाजिर गराइएको आरोप पीडित परिवारले लगाएका छन्।

मृतक सानियाको माइती पक्षका अनुसार भारत बिहार राज्य पूर्वी चम्पारणस्थित सुगौलीको राय टोलाकी परवीनको विवाह करिब ६ महिना अघि मुस्लिम परम्परा अनुसार कटहरिया-५ निवासी अहमद राय भाटका छोरा अरमान रायसँग भएको थियो। तर दाइजोमा मोटरसाइकल र नगद रकम दिन नसकेपछि परवीनलाई निरन्तर मानसिक र शारीरिक यातना दिइएको आरोप लागिरहेको छ।

सानियाका मामा असमान अन्सारीका अनुसार सासु, ससुरा र श्रीमान्ले मिलेर सानियाको घाँटी थिचेर हत्या गरेपछि झुण्ड्याएर आत्महत्या देखाउने प्रयास गरिएको थियो। तर प्रहरीको अनुसन्धानमा गम्भीर त्रुटि देखिएको उनले बताए।





उनले भने, "सानियाको कोठाको ढोका खुला थियो, भोलिपल्ट माइती जान तयार भएकी थिइन्, तर मृत्यु रहस्यमय रूपमा भयो। प्रहरी प्रशासनले प्रभावमा परी ज्यान मुद्दा नचलाएर आत्महत्या दुरुत्साहन मात्र दर्ता गऱ्यो, त्यो पनि एक जना विरुद्ध मात्र।"

मुख्य अभियुक्त अरमान राय भाट फरार रहेका बेला एक बिचौलियाले प्रहरी, सरकारी वकिल र अदालतसँग सेटिङ मिलाएर हाजिर गराएको दाबी गरिएको छ। त्यसपछि सरकारी वकिलको पहलमा उनलाई धरौटीमा छुटाउन समेत सेटिङ भएको पीडित परिवारको भनाइ छ।

ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले भने निष्पक्ष अनुसन्धानको प्रतिबद्धता जनाउँदै भने, "कुनै सेटिङ हुँदैन, आरोप लगाउँदैमा प्रमाणित हुँदैन, म न्याय दिन प्रतिबद्ध छु।"

तर उनले पनि स्वीकारे कि अभियुक्त अरमानलाई धेरै पटक बोलाउँदा पनि नभेटिएको र एक्कासी आफैँ उपस्थित भएपछि आफूलाई पनि शंका लागेको बताए।

जिल्ला सरकारी वकिल कार्यालय रौतहटका प्रमुख न्यायाधिवक्ता मुन्ना मियाँले भने आरोपहरू अस्वीकार गर्दै भने, "प्रहरीबाट प्रमाण सहित फाइल आएपछि मात्र सरकारी वकिलले अभियोजन गर्छ। सबै निर्णय प्रमाण र बहसका आधारमा न्यायाधीशले गर्नुहुन्छ। कुनै बिचौलियाको संलग्नता छैन।"

यद्यपि पछिल्लो समय जिल्ला अदालत गौर र सरकारी वकिल कार्यालयमा बिचौलियाको चलखेल बढ्दो रहेको कानुन व्यवसायीहरूले गुनासो गरेका छन्।

केही महिना अघि एक हत्या प्रकरणमा पीडितले न्यायाधीश मनोज केसीविरुद्ध प्रदर्शन गर्दै राजीनामाको माग गरेका थिए। त्यस्तै, दुई वर्षअघि तत्कालीन सरकारी वकिलमाथि अख्तियारमा उजुरी दर्ता गरिएको थियो।

दाइजो, घरेलु हिंसा लगायत कारणले मधेश प्रदेशमा नवविवाहिताको हत्या बढ्दो छ। भारतीय युवतीको नेपालमा हत्या हुँदा समेत सजाय नहुनु र न्याय प्रणालीमा चलखेल हुनु भारत-नेपालबीचको रोटी-बेटी सम्बन्धमा असर पार्ने संकेत देखिएको छ।

यस्तो अवस्थामा न्याय प्रणालीमा बढ्दो बिचौलियाकरण र राजनीतिक हस्तक्षेपमाथि नियमनकारी निकायको तत्काल ध्यान जान आवश्यक देखिएको छ।

# प्रहरीद्वारा ट्रक नियन्त्रण

**टुडे समाचारदाता**

रौतहट। रौतहटको पूर्व-पश्चिम राजमार्गमा बिलबिजकभन्दा बढी सामान ल्याएको भन्दै प्रहरीले एक ट्रक नियन्त्रणमा लिएको छ। सो ट्रकमा रहेको सामानको मूल्य करिब ४६ लाख रुपैयाँ बराबर रहेको बताइन्छ।



जिल्लाको चन्द्रपुरस्थित ट्राफिक कार्यालयअगाडि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरी गस्ती टोलीले वीरगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको ना ७ ख ७६७६ नम्बरको मिनी ट्रक रोकी जाँच गर्दा बिलबुझाइभन्दा बढीका विभिन्न किसिमका किराना तथा कपडाहरू लोड गरिएको पाइएकोले ट्रक र चालकलाई नियन्त्रणमा लिइएको रौतहट प्रहरीका एसपी नेत्रमणि गिरिले जानकारी दिए। उनले भने, 'ट्रकमा के-कति सामान थिए भन्ने अनुसन्धान हुँदैछ,' उनले अघि थप्दैं भने, 'नियन्त्रणमा लिएको ट्रक र सामानबारे राजस्व अनुसन्धान कार्यालयमा पठाउँछौं।'

रौतहट प्रहरीले ट्रक चालक सर्लाही हरिवन नगरपालिका-९ का ३० वर्षीय जय दासलाई नियन्त्रणमा लिएको छ। उक्त सामानको मूल्य अन्दाजी ४५ लाख ५६ हजार रुपैयाँ बराबर रहेको प्रहरीको भनाइ छ। ट्रकमा लोड गरिएको किराना सरसामान र कपडाहरू आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैया, बारामा बुझाइएको एसपी गिरीले बताए।

# मीटरब्याजी भन्दै बहुमतद्वारा कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको कमलानगरपालिका-१ मंगराहामा अवैध रूपमा मीटरव्याजी संचालन गर्दै आएका विनोद कुमार यादवमाथि नेपाल कम्यूनिष्ट पार्टी बहुमत धनुषाको जिल्ला न्याय विभागले कारबाही गरेको जनाएको छ।

कारबाही स्वरुप विभिन्न पोस्टर पर्चालगायकाहरु विनोदकुमार यादवको घर अगाडि छरिएको नेकपा बहुमतका एक नेताले जानकारी दिए। उनीमाथि पाँच बुँदे कसुर समेत नेकपा बहुमत धनुषाका राजाराम यादवले लगाएका छन्।

अनुचित लेनदेन तथा अन्य सुदखोरी धन्धामार्फत आर्थिक अपराध गरेको आरोप नेकपा बहुमतले लगाएको छ।

कमला नगरपालिका-१ स्थित मंगराहाका विनोदकुमार यादवसंग ०७१ जेठ १७ गते कामेश्वर यादवले २ लाख २५ हजार रुपैयाँ लिए पनि उनले फर्जी कागजात बनाइ ९ लाख रुपैयाँको तमसुक बनाइ चार गुणा बढाइ तमसुक बनाएको आरोप लगाइएको छ।

तर पीडित कामेश्वर यादवले भने उनलाई पटक पटक गरी २०७१ मंसिर १५ देखि २०७५ कार्तिक १० गतेसम्ममा ५ लाख ९७ हजार रुपैयाँ दिइसके पनि विनोद कुमार यादवले फर्जी तमसुक अनुसार असुल गर्न खोजेपछि कामेश्वर यादवमाथि १८ लाख रुपैयाँ माग दाबी गरेपछि निवदेशन दिँदा धनुषा जिल्ला अदालतले कामेश्वर यादवलाई जेल चलानको आदेश दिएको थियो। सोहीको विरोध गर्दै विनोदमाथि कारबाही गरेको दाबी गरिएको छ।

# डिजिटल युगमा महिला झनै असुरक्षित

**टुडे समाचारदाता**

वीरगञ्ज । डिजिटल युगमा युवतीहरु बढी असुरक्षित हुनु परेको भन्दै चिन्ता व्यक्त गरिएको छ। वीरगञ्जमा शुक्रबार आयोजित एक कार्यक्रमका वक्ताहरुले महिलाहरु झनै असुरक्षित हुने गरेको प्रति चिन्ता व्यक्त गरेका छन्।



तेरापंथ महिला मण्डल वीरगंजले सामाजिक जागरुकता अभिवृद्धिको उद्देश्यले 'कन्या सुरक्षा सर्कल' कार्यक्रममा सहभागी वक्ताहरले सामाजिक सञ्जाल, अनलाइन गेम, अनलाइन च्याटलगायत केही मोबाइल एप्समार्फत साइबर अपराध बढ्दै गएको प्रति चिन्ता व्यक्त गरेका छन्। विभिन्न अनलाईन माध्यमहरुबाट युवतीहरुलाई मनोवैज्ञानिक रुपमा शोषण तथा ब्ल्याकमेलिङ जालमा पार्ने अपराध बढ्दै गएको र यसबाट मानसिक दबाबका घटनाहरु पनि तीव्र गतिमा हुने गरेको हुँदा युवतीहरुलाई आत्मरक्षा, डिजिटल साक्षरता, साइबर सुरक्षा र आत्मविश्वासका विषयमा मार्गदर्शन दिनुपर्ने आवश्यकता रहेकोमा वक्ताहरुले जोड दिएका छन्।

वीरगञ्जको शंखधर साख्वा पार्कमा आयोजित सर्कलको उद्घाटन कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले "कन्याहरूको सुरक्षालाई सुनिश्चित गर्नु सबैको कर्तव्य भएको बताउदै कन्याहरूको सुरक्षा, सम्मान र सशक्तीकरणलाई संस्थागत रूपमा अघि बढाउनु अत्यन्तै आवश्यक भएको बताए। महिलामाथि भइरहेका हिंसा, दुर्व्यवहार तथा असमान व्यवहारविरुद्ध समाजलाई सजग बनाउन यस्तो अभियान महत्वपूर्ण हुने नगरप्रमुख सिंहले धारणा व्यक्त गरे।

सो कार्यक्रममा तेरापंथ महिला मण्डलकी अन्तर्राष्ट्रिय अध्यक्ष सरिता डागाले कन्याहरूको संरक्षण, आत्मनिर्भरता र सामाजिक चेतनाको आवश्यकता उल्लेख गर्दै यस्तो अभियानले समाजमा सकारात्मक सन्देश फैलाउने विश्वास व्यक्त गरिन्।

नेपाल स्तरीय जैन श्वेताम्बर तेरापंथ सभाका वरिष्ठ उपाध्यक्ष अशोक बैद्यले वर्तमान समाजमा कन्या सुरक्षाको महत्वलाई विशेष रूपमा उल्लेख गर्दै, यस्तो कार्यक्रमले समाजमा चेतना फैलाउने विश्वास व्यक्त गरे।

# मनसुन सक्रियसंगै किसानलाई धान रोप्न चटारो

**टुडे समाचारदाता**

जनकपुरधाम । मनसुन सक्रिय भएसंगै मधेश प्रदेशमा रोपाइको चटारोले किसाहरुलाई भ्याइनभ्याइ भएको छ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित दिगम्बपुर, इच्छापुर, सबैला नगरपालिका, मिथिला नगरपालिका, धनुषाधामलगायतका विभिन्न पालिका गाउँमा किसानहरु यसपटक समयमै पानी पर्ने भएपछि खुसीसाथ धान रोपाइँमा व्यस्त हुँदै जुटेका छन्।



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डलले मधेश प्रदेशको हरेक पालिकाका केही दिनदेखि धान रोपाइँ शुरु हुने जानकारी दिए। मधेशका जिल्लाहरुमा यतिबेला धान रोपाइँका लागि खेत तयार पार्ने काम भइरहेको छ। भने कतिपय ठाउँमा भने धान रोपाइँको काम पनि थालिएको छ।

अधिकृत मण्डलले मधेशमा २५ दिनसम्म हुर्केको बेर्ना रोप्न लायक हुनेगरेको बताउँदै यसपटक बीउ राख्ने बेलामा पानी परेकाले धेरैको खेत डुबेर बीउ राख्न ढिला भएको उनले बताए। उनले जेठको ५ गतेदेखि छरिएको बेर्ना बल्ल तयार भएको र मनसुन पनि यही समयमा सक्रिय भएकाले मधेशमा धान रोपाइँ केही दिनमा सबै पालिकामा शुरु हुने बताए। कृषि तथा पशुपञ्छी विकास मन्त्रालयको तथ्यांकअनुसार मधेश प्रदेशमा ४ लाख १ हजार ६५० हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ।

मधेश प्रदेश सरकारले देशलाई नै खाना खुवाउने नीति ल्याउँदै यस वर्षदेखि धानको दुई वाली प्रवर्द्धन गर्ने योजनासमेत ल्याएको छ।

गत वर्ष भदौं १ गतेसम्म मधेस प्रदेशमा ८२ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो। कृषि मन्त्रालयका अनुसार नेपालमा रोपाइँ पहाड र सुदूरपश्चिमबाट शुरु हुन्छ। त्यसपछि अन्य क्षेत्रमा हुनेछ। देशभर १३ लाख ९८ हजार २ सय ७४ हेक्टरमा रोपाइँ हुने जनाइएको छ।

# करबारे संसदीय उपसमितिमा छलफल

काठमाण्डु। सुनचाँदी तथा बहुमूल्य पत्थरको कारोबारमा लगाइएको करका विषयमा निरन्तर छलफलमार्फत निष्कर्षमा पुग्न व्यवसायी र सम्बन्धित मन्त्रालय सहमत भएका छन्।

राष्ट्रियसभाअन्र्तगतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको उपसमितिले आज डाकेको बैठकमा व्यवसायीहरूले आफ्ना मागबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग वार्ता जारी राख्दै समाधान निकाल्न सहमत भएका हुन्।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घ र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासङ्घले सुनमा लगाएको दुई प्रतिशत विलासिता कर र हीरा तथा बहुमूल्य पत्थरमा लगाइएको १३ प्रतिशत भ्याटबारे पुनःविचार गरी खारेज गर्न माग राखेका छन्।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



**मेष :** दैनिक काम अघि सुर्यको दर्शन गर्नु आवश्यक देखिन्छ। दिन सहज रहनेछ।

**वृष :** कला र गला प्रदर्शन गर्नका लागि उपयुक्त समय छ।

**मिथुन :** तपाईको राशिमा चन्द्रमा पुगेकाले दिन सहज रहनेछ।

**कर्कट :** शुभग्रहकोप्रभावलेअढैयाशनिकोदोष खासै देखिने छैन।

**सिंह :** शिक्षामागरेकोलगानीबाटफाइदाहुनेछ।

**कन्या :** परिवारसंग बसेर रमाइलो गर्ने अवसर मिल्नेछ।

**तुला :** मुल त्रिकोणमा चन्द्रमा पुगेका कारण शिक्षामा गरेको लगानी सफल हुनेछ।

**वृश्चिक :** बिहान अप्ठेरो भए पनि दिउँसोपछि सोचेको काम बन्नेछ।

**धनु :** थोरै लगानी गरे पनि व्यापारमा फाइदा हुनेछ।

**मकर :** शुभग्रहरुको प्रभावले साढेसातीको असर नदेखिने योग छ।

**कुम्भ:** साना कुराले झन्झट उत्पन्न हुनेछ।

**मीन :** गणेशको स्मरण गर्दै दिनको सुरुवात गर्दा काममा सफलता मिल्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जद्वारा आठ अर्ब ५२ करोड राजस्व सङ्कलन

वीरगञ्ज । आन्तरिक राजस्व कार्यालय वीरगञ्जले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

आन्तरिक राजस्व विभागले कार्यालयलाई चालु आवको जेठ मसान्तसम्मको अवधिमा रु सात अर्ब ५१ करोड ६४ लाख ६५ हजार राजस्व सङ्कलन रु चार अर्ब पाँच करोड ३८ हजार राजस्व राजस्व सङ्कलन गरेको छ।

त्यस्तै कार्यालयले चालु आवको ११ महिनामा आयकरतर्फ रु दुई अर्ब ३२ करोड ४८ लाख ४८ हजार लक्ष्य रहेकामा सो अवधिमा रु दुई अर्ब ५५ करोड ५९ लाख ९४ हजार राजस्व सङ्कलन



गर्ने लक्ष्य निर्धारण गरेकामा कार्यालयले सो अवधिमा रु आठ अर्ब ५२ करोड नौ लाख ८९ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईंले चालु आवको ११ महिनामा लक्ष्यको ११३ दशमलव ३६ प्रतिशत राजस्व सङ्कलन गरेको बताउनुभयो।

कार्यालयले चालु आवको ११ महिनामा अन्तःशुल्क करतर्फ रु दुई अर्ब ८४ करोड ६५ लाख ५३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा लक्ष्यको एक सय ४२ दशमलव २८ प्रतिशत अर्थात् गरेको छ। यो लक्ष्यको १०९ दशमलव ९४ प्रतिशत हुन आउँछ। कार्यालयले सो अवधिमा घरबहाल करतर्फ भने रु २५ करोड १० लाख आठ हजार राजस्व सङ्कलन गरेको छ। त्यस्तै मूल्य अभिवृद्धि करतर्फ रु दुई अर्ब २२ करोड ८३ लाख ६८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो अवधिमा रु एक अर्ब ८३ करोड ७५ लाख ५० हजार राजस्व सङ्कलन गरेको छ।

विभागले कार्यालयलाई वर्षभरिमा रु आठ अर्ब ७१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ।रासस

# स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउनुपर्छः अध्यक्ष यादव



*जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले यस पटक बारा निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुभएको छ। यसअघि उहाँ २०६४ सालको संविधानसभा निर्वाचनमा मोरङ निर्वाचन क्षेत्र ५ र सुनसरी ५ बाट, २०७० सालमा सुनसरी क्षेत्र नं ५ तथा २०७४ सालमा सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।*

*विसं २०१६ मा सप्तरीको भागवतपुरमा जन्मिनुभएका अध्यक्ष यादवले २०३२ सालमा कम्युनिष्ट पार्टीबाट राजनीतिक यात्रा सुरु गर्नुभएको हो। विसं २०४८ मा नेकपा (एमाले) मा आबद्ध हुनुभएका उहाँले २०६३ सालदेखि मधेसी जनअधिकार फोरम गठन गरी मधेस आन्दोलन सुरु गर्नुभयो।अध्यक्ष यादवले देशको उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री र कानून, न्याय तथा संसदीय मामिलामन्त्री भई जिम्मेवारी सम्हाली सक्नुभएको छ। अध्यक्ष यादवसँग राससका समाचारदाता सुशील दर्नालले उहाँको दैनिक गतिविधि, संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, मधेसी समुदायका माग र मुद्दा, सङ्घीयता सुदृढीकरण, राजनीतिक व्यवस्था र जनताको अवस्था, युवाको विदेश पलायन र बेरोजगारी समस्या, राजनीतिक दलका गतिविधि, देशको आर्थिक विकास, जनतासँग गरेको प्रतिबद्धता र मुलुकको समसामयिक विषयमा लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश :*

**आजभोलि के मा व्यस्त हुनुहुन्छ ?**

अहिले संसद्को बजेट अधिवेशन चलिरहेको छ। बजेटमाथि सांसदले आफ्ना विचार राख्ने काम भइरहेको छ। यसअघि सरकारको नीति तथा कार्यक्रम र सिद्धान्त तथा प्राथमिकताबारे संसद्मा छलफल भयो। सदनमा कानुन निर्माणको पाटोमा पनि सहभागी हुने गरेको छु। म अध्यक्ष भएकाले पार्टीको दैनिक गतिविधिमा पनि व्यस्त छु।

संसदीय अभ्यासलाई कसरी हेर्नुभएको छ ?

ठूला राजनीतिक दलहरुमा लोकतान्त्रिक संस्कृतिको अझै विकास भइसकेको छैन। त्यसले गर्दा संसदीय अभ्यास स्वस्थ ढङ्गले सञ्चालन भएको छैन। दलहरु आग्रह-पूर्वाग्रहले ग्रसित छन्। कार्यकारीणिको झगडा संसद्ले बेहोर्नुपरेको छ। त्यस कारण संसद्को जति प्रभावकारिता हुनपर्थ्यो, त्यो मैले पाएको छैन। सारा जनताको ध्यान अहिले संसद्तिर छ। संसद्प्रति जनताले जुन आशा गरेका थिए, त्यो आशा पूरा गर्ने गरी संसद्ले भूमिका निर्वाह गर्न सकेको छैन। संसद् चलिरहेको देखिए पनि प्रभावकारी ढङ्गले संसदीय कारबाही अगाडि बढ्न सकेको छैन।

**संविधान कार्यान्वयनलाई कसरी हेर्नुभएको छ ?**

सबै जनताले संविधानको स्वामित्व ग्रहण गर्न सकेका छैनन्। संविधान जारी गर्ने बेलामा संविधानसभामा व्यापक छलफल र संशोधन प्रस्तावमाथि बहस गरेर जारी गरेको भए त्यसको स्वामित्व सबैले ग्रहण गर्ने थिए। संविधानमा केही महत्वपूर्ण कुरा छन्। केही विभेदकारी विषय पनि छन्। केही दोधारे विषय पनि छन्। संविधानमा भएका महत्वपूर्ण विषय पनि कार्यान्वयन हुन सकेका छैनन। जस्तोः सङ्घीयता पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन्। प्रदेशको संरचना खडा गरियो, तर केन्द्रीकृत र एकात्मक मानसिकताबाट मुक्त नभएका कारण पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन। प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम र अधिकार पनि केन्द्रमै राखिएको छ।

केन्द्रमै स्रोत र शक्ति राखेपछि सङ्घीयता कसरी कार्यान्वयन हुन्छ ? सङ्घीयता कार्यान्वयन गर्न न कानुन छ, न कर्मचारीतन्त्र छ। स्रोत/साधन पनि छैन। यस्तो अवस्थामा प्रदेश सरकारले कसरी काम गर्छ ? संविधानमा लेखिएका विशेष क्षेत्र र सुरक्षित क्षेत्रको पनि कार्यान्वयन भएको छैन।

**संविधान संशोधनको विषयलाई कसरी हेर्नुभएको छ ?**

संविधान संशोधन गर्न सरकारले चाहेको देखिँदैन। संविधान जारी भएकै बेलादेखि संशोधनको कुरा भइरहेको छ, तर कुरामै सीमित छ। संशोधन कुन विषयमा गर्ने भन्ने विषय नै आएको छैन। कुन लक्ष्य प्राप्तिका लागि संशोधन गर्ने भन्ने नै थाहा छैन। संविधान संशोधन फण्डाजस्तो भएको छ।

संविधानलाई गति दिन परिमार्जनको आवश्यकता छ। त्यसैले पहिला संविधान संशोधनका लागि विज्ञहरुको टोली बनाउनुपर्छ। त्यो टोलीले दिएको सुझावको आधारमा संशोधन गर्नुपर्छ।

**कुन-कुन विषयमा संशोधन गर्नुपर्छ ?**

पहिला निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्छ। नेपालजस्तो अल्पविकसित मुलुकमा यत्रो महँगो निर्वाचन प्रणाली हुनुहुँदैन। अहिलेको निर्वाचन प्रणालीले मुलुकलाई बर्बाद गर्छ। अर्को शासकीय स्वरुपमा पनि संशोधन गर्नुपर्छ। अहिलेको शासन व्यवस्था व्यवहारिक रुपमै सफल हुन सकेको छैन। अब जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ। राष्ट्रपतिले विज्ञहरुबाट सरकार बनाउनुपर्छ। संसद्ले कानुन बनाउने, अनुगमन गर्नेलगायत संसदीय कार्य गर्नुपर्छ। सरकार र संसद्लाई अलग गर्नुपर्छ।

त्यसैगरी न्यायपालिकालाई पनि पुनःविचार गर्नुपर्छ। न्यायपालिकामा धेरै ढिलासुस्ती छ। जनशक्तिको पनि कमी छ। सङ्घीय प्रणालीमा मुलुक गइसकेपछि एकात्मक प्रणालीमा न्यायपालिका त्यति प्रभावकारी हुन सक्दैन। सस्तो र सजिलो गरी जनताले न्याय सेवा पाउनुपर्छ। न्याय भनेको बजारबाट खरिद गरेको वस्तुजस्तो हुनुहुँदैन। स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउने र प्रदेशलाई अधिकार सम्पन्न बनाउने विषयमा संविधान संशोधन गर्नुपर्छ।

**मधेसी समुदायको माग के हो ?**

सङ्ख्याको आधारमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा समान सहभागिता हुनुपर्छ भन्ने मधेसी समुदायको मुख्य माग हो। संवैधानिक आयोगलगायत राज्यका सबै संरचनामा मधेसी समुदायको समान रुपमा सहभागिता हुनुपर्छ। लोकतन्त्रमा जनसङ्ख्याको आधारमा सबैको प्रतिनिधित्व हुनुपर्छ। तर, अहिले समावेशिता पनि हराउँदै गएको छ।

**संघीयतालाई अझै सुदृढ बनाउन के गर्नुपर्छ ?**

सङ्घीयताको आधारभूत सिद्धान्त भनेको प्रदेशमा स्वशासन र केन्द्रमा साझा शासन हो। यो नीतिबाट अगाडि बढ्नुपर्छ। सात प्रदेशलाई पुनःसंरचना गर्नुपर्छ। सङ्घीयताबारे राज्य पुनःसंरचना आयोगले भनेको सामर्थ्य र पहिचानको आधारमा १० प्रदेशको बारेमा सोच्नुपर्छ। प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ। प्रदेशलाई स्रोत र जनशक्ति दिनुपर्छ।

**जनताको अवस्थालाई अझै सुधार गर्न के गर्नुपर्छ ?**

सत्तामा रहेका ठूला पार्टीहरुले राज्यका संरचनामा आफ्ना मान्छे मात्रै राखेर जनताको अवस्थामा सुधार हुँदैन। अदालत, अख्तियार र अन्य संवैधानिक निकायमा आफ्ना मान्छेभन्दा पनि योग्य र समक्ष मान्छे राखियो भने जनताको अवस्था यतिकै परिवर्तन हुन्छ। त्यसकारण जनताको अवस्था परिवर्तन गर्न राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन हुन जरुरी छ। राजनीतिक नेतृत्वको मानसिकता परिवर्तन नभएपछि देशको विकास कसरी हुन्छ ? जनताले रोजगारी कसरी पाउँछ ? रोजगारी नपाएपछि जनताको अवस्था कसरी परिवर्तन हुन्छ ?

**युवा विदेश पलायन कसरी रोक्न सकिन्छ ?**

गरिबी र बेरोजगारी भएपछि देशमा बाँच्नु कसरी ? बाँच्न गाह्रो भएपछि विदेश पलायन हुनुको विकल्प नै छैन। देशमा राम्रो शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा नभएपछि युवा पलायन हुनु स्वभाविक हो। त्यसकारण युवा पलायन रोक्न आफ्नो देशको उद्योगधन्दा सञ्चालन गर्नुपर्छ। कृषिमा विकास गर्नुपर्छ। विकास र सुशासन दिन सकियो भने युवा पलायन आफैँ रोकिन्छ।

**ठूला राजनीतिक दललाई तपाईको सुझाव के छ ?**

भ्रष्टाचार अन्त्य गर्नुपर्छ। जनतालाई सुशासन दिनुपर्छ। दलहरु विकासको गतितर्फ लाग्नुपर्छ। मूल्य र मान्यताका आधारमा राजनीति गर्नुपर्छ। व्यवस्था राजनीतिक रुपमा परिवर्तन भएको छ। तर, शासन प्रणाली उही छ। प्रशासनको ढाँचा उस्तै छ। आनीबानी, बेहोरा उही छ। त्यसकारण प्रमुख कुरा राजनीतिक दल सुध्रिन आवश्यक छ।

**देशलाई आत्मनिर्भर बनाउन के गर्नुपर्छ ?**

विकासको मूल आधार भनेको शिक्षा हो। तलदेखि माथिसम्म शिक्षामा आमूल परिवर्तन गर्नुपर्छ। युगअनुसारको शिक्षा प्रणाली हुनुपर्छ। मानिसको जीवनलाई सक्षम बनाउने खालको शिक्षा हुनुपर्‍यो। सँगैसँगै हाम्रो देश कृषिमा आधारित देश हो। कृषिलाई आधुनिकीकरण गर्दै व्यवसायीकरण गर्नुपर्छ। बन्द भएका उद्योगधन्दा सञ्चालन गर्नुपर्छ। पर्यटन क्षेत्रलाई विकास गर्नुपर्छ। विद्युतमा विकास गर्नुपर्छ। यति मात्रै गर्न सकियो भने नेपाल संसारको सबैभन्दा सुखी र सम्पन्न देश बन्न सक्छ।

**जनतासाग गरेको प्रतिबद्धता कति पूरा गर्नुभयो ?**

जसले सत्ता सञ्चालन गर्छ उसले बजेट विनियोजन गरेर विकासको काम अगाडि बढाउने हो। सरकारले बजेटको व्यवस्था गरेन भने विकास कसरी अगाडि बढ्छ ? मैले मेरो निर्वाचन क्षेत्र रहेको जिल्ला बाराको विकासका लागि गरेका प्रतिबद्धता पूरा गर्नेबारे सरकारलाई लेखेर दिएको छु।

**जनतालाई तपाईंको सन्देश के छ ?**

जनता अन्याय र बेतिथिका खिलापमा उठ्नुपर्छ। भ्रष्टाचार र कमिसनतन्त्रलाई अन्त्य गरेर सुशासन र समृद्धिको दिशामा देशलाई अगाडि बढाउने कुरामा सबैको उत्तिकै दायित्व हुन्छ। देशमा भ्रष्टाचार अति भइसक्यो। यस विषयमा जनता सङ्गठित हुँदै जाग्नुपर्छ।

# बौद्धिक सम्पत्ति संरक्षण गर्न सरकार दृढ छ : मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरकार बौद्धिक सम्पत्तिसम्बन्धी कानुन निर्माण गरी त्यसको अधिकार संरक्षणका लागि दृढ रहेको बताउनुभएको छ।

बौद्धिक सम्पत्ति संरक्षण समाज नेपाल र मिडिया आई प्रालिको आयोजना तथा संस्कृति मन्त्रालयको सहकार्यमा शुक्रबार सिंहदरबारमा भएको बौद्धिक सम्पत्तिको अधिकार संरक्षणको अवस्था, चुनौती र अवसर विषयक अन्तर्क्रियामा मन्त्री पाण्डेले सरकारले पुरानो कानुनलाई प्रतिस्थापन गरेर नयाँ कानुन बनाउने चरणमा रहेको जानकारी दिनुभयो।

कतिपय हाम्रा रैथाने परिचयहरू पनि बौद्धिक सम्पत्तिका रूपमा रहेका उल्लेख गर्दै मन्त्री पाण्डेले भन्नुभयो, "इलामको चिया, भक्तपुरको जुजु धौ, जुम्लाको मार्सी, हुम्लाको सिमी छन्, मःम पनि हाम्रो आफ्नो सृजना हो। थकाली खाना पनि हाम्रो आफ्नो सम्पत्ति हो। यी विविध सम्पत्तीमाथि हाम्रो हक स्थापित गर्नुपर्छ र यसलाई कानुनी मान्यता दिलाउनुपर्छ।"

उहाँले बौद्धिक सम्पत्तिका विषयलाई कानुनमा व्यवस्थित गर्नुपर्ने अवस्था रहेको जानकारी दिँदै नेपालमा बहुआयामिक प्रकृतिका बौद्धिक सम्पत्ति रहेको र त्यसको संरक्षण अपरिहार्य भएको बताउनुभयो। उहाँले साहित्यिक, कृषि उत्पादन र अन्य ट्रेडमार्कसम्बन्धीका बौद्धिक नेपालमा प्रशस्त रहेको



बताउनुभयो।

उहाँले यो अन्तरराष्ट्रि विषय भएको र भूगोलले नछेक्ने हुँदा देशभित्र हाम्रो सम्पत्तिको संरक्षण र विकास गर्ने तथा देशबाहिर पनि आफ्नो परिचयलाई स्थापित गर्नुपर्ने अवस्था रहेको बताउनुभयो।

मन्त्री पाण्डेले भन्नुभयोय, "कानुन नभएकै कारण कतिपय सरोकारवाला पीडित पनि हुनुभएको होला, सरकारले सम्बोधन गर्ने हो, कानुन बनाउने र कार्यान्वयन गर्ने सन्दर्भमा सरकार गम्भीर हुनुपर्छ, बौद्धिक पुँजी संरक्षणमा सक्षम हुनेछौँ र हामी संरक्षणमा सामूहिक प्रयत्न गर्नेछौँ।"

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका वाणिज्य सचिव कृष्णबहादुर राउतले नेपालमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ कार्यान्वयनमा रहेकाले त्यसलाई प्रतिस्थापन गर्नेगरी अहिले औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक संसद्मा दर्ता भइसकेको जानकारी दिनुभयो। उहाँले ६५ वर्ष पुरानो कानुनलाई समसामयिक बनाउने र संस्थागत विकास गरेर सृजनशीलतालाई प्रवर्द्धन गर्ने उद्देश्य रहेको सुनाउनुभयो। उहाँले नेपालमा ८९ वटा मात्र पेटेन्ट दर्ता छ। ६४ हजार ट्रेडमार्क दर्ता छ। औद्योगिक डिजाइन त नगन्य मात्रामा दर्ता रहेको जानकारी दिनुभयो।

यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले बौद्धिक सम्पत्तिमा जति गर्नुपर्ने हो त्यो गर्न नसकेको स्वीकार गर्नुभयो। उहाँले यसको संरक्षणमा केही थप काम गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो। उहाँले मन्त्रालय सरोकार राख्ने प्रतिनिधिहरूसँग निकटमा रहेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा सङ्गीत रोयल्टी समाजका अध्यक्ष सुरेश अधिकारीले प्रतिलिपि अधिकार र बौद्धिक अधिकार सुरक्षित र व्यवस्थित हुन सकेकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

यसप्रति जनचेतनाको अभावले रहेको उल्लेख गर्दै उहाँले बौद्धिक सम्पत्तिको दुरुपयोग मानवअधिकारकैउल्लङ्घनहोभन्नुभयो। नेपालमा पनि प्रशस्त सम्पत्तिको संरक्षण रहेको तर ती स्रष्टाको संरक्षण गर्न नसकिएको बताउँदै उहाँले गीत चोरेर रेकर्डिङ हुने गरेको अनुभव सुनाउनुभयो।

नेपाल चेम्बर अफ कमर्सका महानिर्देशक देवेन्द्र लामिछानेले नेपालको रैथाने बौद्धिक सम्पत्तिको संरक्षण हुन नसक्दा त्यसै बसिरहेको बताउनुभयो। आगामी दिनमा नेपालमा छरिएर रहेका त्यस्ता सम्पत्तिलाई संरक्षण गर्न जरुरी रहेको उहाँले बताउनुभयो।

कार्यक्रमका बौद्धिक सम्पत्ति संरक्षण समाज नेपालका अध्यक्ष विसुकुमार केसीले बौद्धिक सम्पत्ति संरक्षणमा अलमल रहेको सुनाउनुभयो। कतिपयलाई पेटेन्ट कसरी दर्ता गर्ने भन्नेसम्म जानकारी नभएको बताउँदै उहाँले त्यसको जानकारी गराउने प्रयास समाजले गरिरहेको उल्लेख गर्नुभयो। कार्यक्रममा बौद्धिक सम्पत्तिसम्बन्धी प्रकाशित जर्नलको समेत विमोचन गरिएको थियो।रासस

# बेपत्ता पारिएका व्यक्तिलाई न्याय दिन नयाँ विनियमावली ल्याइने

काठमाण्डु । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष लीला देवी गड्तौलाले चाँडै विनियमावली बनाएर पीडितलाई न्याय दिने बताउनुभएको छ।

आयोगले शुक्रबार आयोजना गरेको सङ्क्रमणकालीन न्यायमा पीडित र सरोकारवालासँगको अन्तरक्रियामा उहाँले नयाँ विनियमावली बनाउनका लागि आवश्यक छलफल गर्ने बताउनुभयो। "सरकारले हामीलाई ऐन दिएको छ। अब त्यही ऐन टेकेर नयाँ विनियमावली बनाउनुछ", उहाँले भन्नुभयो, "आयोगले वार्षिक कार्ययोजना बनाएर चाँडै काम थाल्ने छ।"

सूदूरपश्चिमप्रदेशकीपूर्वप्रमुख तथा बेपत्ता पारिएका परिवारका सदस्य शर्मिला त्रिपाठीले तेस्रो पटक गठन गरिएको आयोगले बेपत्ता परिवारको यथार्थ विवरण सार्वजनिक गर्नुपर्ने बताउनुभयो। उहाँलेपीडाकोभोगाइधेरैभएकोले अब काम सम्पन्न गर्न तिर अग्रसर हुनुपर्ने बताउनुभयो। "आयोग बन्दछ।

अनि हामीलाई बोलाउँछ। फेरि हामीले आफ्नो पीडाका कुरा भन्छौँ। अनि हामीलाई थप पीडा हुन्छ", उहाँले भन्नुभयो, "अब आयोगले बोलाउने मात्र होइन काम गर्नुपर्दछ।"

उहाँले छोरोछोरीलाई जेनतेन पढाए जागिर पाउन समस्या भएकोले छुट्टै आरक्षणको व्यवस्था गरेर जागिरको सुनिश्चित गर्न आग्रह गर्नुभयो। नेपाल बार एशोसिएशनका अध्यक्ष



विजयप्रसाद मिश्रले आयोग पहिले जस्तो नभएर कार्यमा केन्द्रित भइ पीडितका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

शान्तराज मुल्मीले पीडितका आँशु पुछ्ने काम बन्द गर्न आयोगलाई सुझाव दिनुभयो। मानवअधिकारकर्मीसुवोधप्याकुरेलले नियम र काननभन्दा आपसी सहमतिअनुसार आयोगले काम सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सरकारको भन्दा जनताको बलमा काम गर्न आयोगलाई आग्रह गर्नुभयो।

बेपत्ता पारिएका परिवारका सदस्यले आयोगले वार्षिक कार्ययोजना बनाएर काम गर्न सुझाव दिएका छन्। बेपत्ता पारिएका परिवारका सदस्य केशव खनालले बेपत्ता पारिएकालाई वर्गीकरण गरेर काम गर्न सुझाव दिनुभयो।

अर्का पीडित ओखलढुङ्गाका ताराबहादुर सुनुवारले आफ्नो छोरो १९ वर्षदेखि हराएको हुँदा खोजी गर्न आग्रह गर्नुभयो। "छोरो १९ वर्षदेखि हराएको छ। यदि छोरो मरेको छ भने हामी काजक्रिया गर्छौं, बाँचेको छ भने छोरो अझ आएको छैन", सुनुवारले भन्नुभयो,।

काठमाडौँकी रुवि श्रेष्ठले आफ्नो परिवारका तीन जना बेपत्ता भएकाले राज्यले अझै न्याय दिन नसकेको बताउनुभयो।

उहाँले अहिले राज्य र विद्रोह पक्षबाट पीडित भएका आफूहरु मिलेको भन्दै सरकारले अपराध गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो।

गोरखाकी लक्ष्मी कोइरालाले आफ्नो श्रीमान् विसं २०५४ देखि बेपत्ता भएकाले बेपत्ता बनाउन आदेश दिनेलाई कारबाही गर्नुपर्ने बताउनुभयो।

आयोगका सचिव खेमराज ज्ञवालीले आयोगले आत्मसम्मानमा चोट नलाग्ने गरी न्याय गरिने बताउनुभयो। उहाँले सातवटै प्रदेशमा गएर पीडितका कुरा सुनेर कसरी न्याय दिन सकिन्छ भनेर आफूहरु सक्रिय रहने बताउनुभयो। आयोगमा हालसम्म बेपत्ता परिवारका दुई हजार ५४२ उजुरी दर्ता भएका छन्।रासस

## 'नेपाली श्रमिकमाथि हुने शोषण र विभेदप्रति शून्य सहनशीलताको नीति छ'

पाटन। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले नेपाली श्रमिकमाथि हुने शोषण र विभेदप्रति सरकारको शून्य सहनशीलताको नीति रहेको बताउनुभएको छ।

अन्तरराष्ट्रिय आप्रवासन सङ्गठन नेपालद्वारा शुक्रबार ललितपुरमा आयोजित श्रम प्रवासन, लैङ्गिक समानता र जलवायु परिवर्तनको सन्दर्भमा व्यापार तथा मानवअधिकारसम्बन्धी बहुसरोकारवाला नीति संवाद कार्यक्रममा मन्त्री भण्डारीले विदेशमा रहेका श्रमिकहरूको पक्षमा सरकारको सक्रियता बढाइएको बताउनुभयो।

मन्त्री भण्डारीले व्यापार, प्रवासन र मानवअधिकारबीचको अन्तरसम्बन्धलाई विशेष रूपमा उल्लेख गर्दै जिम्मेवार व्यापार अभ्याससँगै श्रमिकको मानवअधिकारको रक्षा सरकारको सर्वोच्च प्राथमिकता भएको बताउनुभयो। "वैदेशिक रोजगारी केवल आम्दानीको स्रोत मात्र नभई श्रमिकको गरिमा र अधिकारको विषय पनि हो, नेपाली महिला र पुरुष श्रमिकहरूले श्रम गन्तव्य मुलुकहरूको विकासमा उल्लेखनीय योगदान दिइरहेका छन्, ती मुलुकहरूले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन सुनिश्चित गर्न विश्वव्यापी मूल्यमान्यता र मर्मअनुसार व्यवहार गर्नुपर्छ," मन्त्री भण्डारीले भन्नुभयो।

उहाँले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई लिएर मन्त्रालयले आपत्कालीन उद्धारको तयारी गरिरहेको जानकारी पनि दिनुभयो। "धेरै नेपालीहरू बङ्करमा रात बिताइरहेका छन्, यदि स्थिति थप जटिल भयो भने उद्धारका लागि सरकार तयार छ," उहाँले भन्नुभयो।

विदेशमा रहेका नेपालीहरूको अवस्थाको निगरानी र समर्थनका लागि श्रम संसार मोबाइल एप्लिकेसनलाई अझै प्रभावकारी बनाउने प्रयास भइरहेका छ। रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। हरेक युवाहरूको पीडा ।।

विदेशिनु - बाध्यता कि रहर?
सपनाको झिल्को हो कि रोजगारीको यातना?
युवाहरूको लर्को किन छ विमानतिर,
के देशमा छैन काम, छैन सम्भावना अब?

पढाइ सकिएपछि बैराग लाग्छ कपी-कलम,
सर्टिफिकेट झुन्डिन्छ भित्तामा–सपना झैँ थन्किएर।
श्रम बेच्नू पर्‍यो, पसिना साट्नू पर्‍यो डलरमा,
आमाको आँशु र बाबुको सान्त्वना थन्किन्छ परदेशको कोठामा।

"बाबु कतै जागिर लागेन?" – प्रश्न बर्सिन्छ गाउँघर,
"छोराले कतै बिदेस जान्छ रे!" – गर्व कि लाजको स्वर?
माटोमा सुन फल्दैन भनेरै त हिँडेका होइनौं हामी,
तर यही माटोमा फल्दैन भने किन देश रहोस् हामी?

बाध्यता हो – जब खेत बाँझो हुन्छ
र बैङ्कको किस्ता च्यापिन्छ मुटुमा।
बाध्यता हो – जब गाउँमा श्रमको मूल्य हुँदैन
र श्रम स्वाभिमान होइन, लाज बन्छ समाजमा।

रहर त होला – सपना देख्नु,
तर सपना बेचिनु पर्छ भने त्यो रहर के?
जहाँ देशकै माया बोकेर
विदेशको गल्लीमा गालिनु पर्छ श्रमको घाममा।

हामीसँग पनि थियो रहर–
आफ्नै माटोमा केही गर्नलाई,
तर बाध्यता बलियो भयो
र परदेशिएँ, आफ्नो भाग्य सच्चाउन भनेर।

सोध्छु आज झोलेहरुसँग–
"आफ्नै माटोमा सुन फल्छ भने,
किन विदेशी भूमिमा पसिना बेच्न जानु पर्थ्यो?"
र फेरि प्रश्न उठ्छ हरेक युवाको ओठमा–
"विदेशिनु - बाध्यता कि रहर?"



नारेन्द्र कुमार महतो
बर्दिवास, महोत्तरी, हाल जनकपुरधाम

## ।। अनिश्चित यात्रा ।।

आकाश छ नीलो, मन छ अशान्त,
बाह्रौंको रिसल्टको यो प्रतिक्षा अनन्त।
कहिले खुल्ला यो जीवनको पाना?
कागजको आधारले जीवन तौलिने,
कस्तो हो भविष्य?
प्रतिस्पर्धाको यो भीडभाडमा,
हरेक बाटोले देखाउँछ अनेकौं स्वप्नहरू।
शिक्षा महँगो, अवसर सीमित,
खोज्दै छु म एउटा ठोस आधार।
एउटा डिग्री कि एउटा सिप?
कुनले खोल्ने मेरो भाग्यको द्विप?
आर्ट्स कि लोकसेवाको बाटो?
बुझ्दाबुझ्दै अल्झिएको छु यो जालमा।
भन्छन "यो कोर्सले दिन्छ उज्ज्वल भविष्य"यही छ राम्रो मार्ग
तर किन त्यही गरेका युवाहरु अझै खोजिरहेछन् नौकरीको द्वार
किन पढूँ मैले यही पुरानो पाठ?
जसले दिएन उनलाई पनि कुनै सही साथ।
तर पनि म हार्दिन, हार मान्दिन,
एउटा बाटो खोज्नेछु आफ्नै।
समाजको दबाबलाई पछ्याउँदै,
आफ्नो भविष्यको रेखा कोर्नेछु आफैँ।



लेखक:सोनु कुमार यादव
ठेगाना:संग्रामपुर,सम्सी गा.पा.महोत्तरी
शिक्षा:१२ को परीक्षाको प्रतिफलको भइरहेछ प्रतीक्षा

## ।। चम्मचाहरुको फुर्ती ।।

देश चलाउने गजदार भयो
देशको अवस्था खराब भयो
कस लाई भनौ राम्रो कस लाई खराब
यहाँको नेताहरु नै रहेछ भष्टाचार
कल कारखाना बन्द गर्यो
युवा युवती खाडीमा बेचयो
बुढा बुवा बुढी आमाको अवस्था
बिजोग भयो खेति पाति बाझै रह्यो
जता ततै भष्टाचार भए छ
सरकारी क्रमचारी मलामाल भएछ
पुलिस प्रसानको छ मनमानी
जनता लाई भराएछ चलनी मा पानी
पिण्ड खाने छोरदैन कुर्सी
चम्मचाहरुको छ यहाँ फुर्ति



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। परिस्थिति ।।

हाँस्छन् पहाड, बग्छ नदी,
आकाशमा उड्छ चन्द्रको सदी।
तर मनभित्र तुफान उर्लिन्छ,
परिस्थितिको खेलमा जीवन झुक्छ
कहिले सुखको फूल फुल्छ रातमा,
कहिले दुखको काँडा चुभ्छ साथमा।
सपनाको बाटो, फेरिन्छ बेला,
परिस्थितिको रंगमा जीवन खेला।
तैपनि हामी हिँड्छौँ, बाटो खोज्छौँ,
आँधीमा पनि उज्यालो रोज्छौँ।
परिस्थितिलाई चुनौती ठान्दै,
हाँस्दै, लड्दै, जीवन बाँच्छौँ।



लेखक:- खुशी कालेकोटे
हाल जनकपुरधाम

## ।। मन को पीडा ।।

कस्तो खेल खेल्दै छ जिन्दगी ले थाहा छैन।
जस्ले देखिन्छ हासो देखिन्छ ,पीडा कसैले देख्दैन।।
किन मनमा पिर बढदै छ।
जिन्दगी ले आर्को मोड मोडदै छा।
हजार प्रशन ले घेरीएको मन छना
तर कसैलाई बुझाउन प्रयास गर्दैन म।।



नाम:- स्मिता झा
वलवा ७ बनौटा

## ।। आनुभव ।।

पिडा त मेरो मनमा एसएलआर
राइफल को रोक जस्तै छ
सिक्ने मन त मेरो ११:३०
को भोक जस्तै छा
सिक्न सकि राको छैन्
यो मेरो लागि सोक जस्तै छ।
गुरुबा त धयध तर रिस त
विउनेट को नोक जस्तै छा
लेकचर को निन्द्रा को
कारण ले गर्दा लेकचर
त मेरो लागि लेकचर
रोलकल जस्तै छा कुनै जोड
त लास्टै राम्रो र कुनै
यस्तो घमड बानी को छ नी
त्यो मेरो लागि नुन चरको
र न मीठो दल को झोल जस्तै छा
गुरुवाहरुको त्यो सिकाऊने
इफोट सालको बोट जस्तै छा
आउट र घण्टे मेरो लागि
लाखौं को नोट जस्तै छा



लेखक रोहन भुजेल
काठमाडौं

## ।।देश मेरो रुईरहेछ।।

देश मेरो रुईरहेछ, न देख्दा आँखा रोए,
माटोको छाती चिरिएको छ, तर जनतालाई को हेरे?
आशाले रोपिएको बिरुवा, निराशाको काँडाले घेरे,
नेता थालमा स्वार्थ चाख्छन्, भूख जनताको के रे?
विद्यालय सुनसान छन्, कलम पनि डराउँछ,
भ्रष्ट व्यवस्था देख्दा अब त पाठशाला लाजाउँछ।
बूढा आमाको आँखामा आशु, छोरा परदेशमा टाढा,
यो जन्मभूमि छोड्नु पनि अब बाध्यता बन्यो साढा।
पानी झर्दैन खेतमा, रगत बग्छ सडकमा,
घाम पो भने झैँ पोल्दछ भ्रष्टता यो भद्रकाली र टुँडिखेलमा।
युवाहरू थाकेका छन् बोल्न, तर क्रान्तिको चेतना सुत्केरी,
तर अझै पनि म बाँच्ने आशामा छु - 'मेरो देश फेरि उठ्ने छ एकपटक फेरि।'
अब उठ हाम्रा आवाजहरू, अब नरोऊ नि सधैँ,
सपना त तोडियो होला तर आत्मा अझै जिन्दै छ कहीं।
शब्दले बनाउँ नारा, आँशुले लेख कवि बन,
देश मेरो हो, रुईरहेछ - अब तिम्रो माया बन।



लेखक:दिलीप कुमार दास
ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर

## ।। साथीको माया ।।

साथीको माया, तारा जस्तै टल्किने,
साँझको चिसोमा न्यानो घाम झैं बल्किने।
दु:खका दिनमा आशाको किरण,
खुसीका बेला झनै मिठो मुस्कान।
बालापनको खेल, किशोरको कुरा,
सब सम्झनामा छन्, ती रमाइला नजरा।
रुनु पर्दा काँध दिने, हास्न खोज्दा साथ,
साथीको माया हो, जिन्दगीको तातो हात।
दुरीले कहिल्यै टुट्दैन यो डोर,
भिन्न बाटो भए पनि मनको झनै जोर।
कहिले चिया पसल, कहिले चोकको माया,
साथीको हाँसोमा लुकेको संसार सारा।
झगडा पनि भए, रिस पनि गरियो,
तर प्रेमको धागो कहिल्यै टुटेन, जुरियो।
साँचो साथी भनेको ऐना जस्तै हो,
जहाँ आफ्नै अनुहार खुलेर देखिन्छ नि हो।
साथीको माया, अमूल्य र गहिरो,
सम्झदा हृदय नै हुन्छ झनै तातो र न्यानो।
धन्य छु म, पाएको छु साथ तिम्रो,
जुन साथले बनाउँछ जिन्दगी झन मिठो।



लेखक: रशमी दनुवार
मोरङ्ग, नेपाल

## ।। सर सफाई ।।

आउँछ कहाँबाट फोहर जान्छौं कहाँ हामी बनी सफा सुघर
नितदीन कर्ममा लाग्छौ पलपल मायालाई श्रृङ्गार छौँ
हरपल हरेक दिन भौतारिन्छौ मोहरको लागि
फोहोरको प्रत्यारोपण र विसर्जन बाट नै पाउनेछौ मोहर
सरल आचरण सफा चरित्र बाट हामी पाँउछौ आशिष तथा प्रफुल्ल मन
गल्ने सड्ने नगल्ने रिसायकल प्रविधि बाट नै प्राप्त हुन्छ मोहर
भंगारवाला देखि कबाडीवाला फोहर नै कलेक्ट गर्छ
नगरपालिकाबाट पनि फोहर नै कलेक्ट गराउँछ
खातेहरू दिनहु प्लास्टिक बोतल अन्य थुपार्छ सबैबाट पाउँछ नै उसले केही मोहर
मन सफा तन सफा तर घरघरको फोहर कहाँ राख्ने त्यसमा
हुनुपर्छ सबैमा बफा मायालुको मन फोहर भएमा त्यसमा पनि कोहरा लाग्छ
तन सफा भएपनि जसो तसो मनमा कुनै फोहर हुनुभएन नेता
फोहरी आचरणको भए कयौं कारागार चलान भएछ
त्यस्तै फोहरी मानिस हेर्दा लाग्छ तर ऊ समाजको फोहरलाई
जम्मा गरी उचित व्यवस्थापन गरिरहेको हुन्छ
भन्छन् ढौवा पैसा छिटल है रोडप बिछके चुनके बुद्धि चाहि
फोहरबाट मोहर आउँछ खातेले बुझेको हुन्छ
हामीले मात्र आफ्नो फोहोर कचरा समानलाई जलाई नष्ट गरी मल पनि बनाउन सक्छौ
कवाडीलाई दिए मोहर पाई रिसायकलको लागि कारखानामा जान्छ
मन सफा तर तनमा बफा चाहिन्छ अनि फोहरको व्यवस्थापन
हामी एकअर्काले आफै गर्दा टोल महल्लादेखि समाज नै चमचम चम्किने छ
राजनीतिमा रहेको फोहर कचरा प्रवृत्तिका व्यक्ति को व्यवस्थापन
कसरी गर्नुपर्छ घर गृहस्थीमा रहेको फोहरी विचारधारालाई पनि
न्यून गर्नुपर्छ यसमा विचार पुऱ्याऔ फोहरबाट पनि आउँछ मोहर
सफा मनबाट आउँछ उत्तम विचार जिउने तरिका र प्रगति को मार्ग



कवि प्रमोद राम
जनकपुरधाम ९

## ।। मिथिलाको माटो ।।

मिथिलाको माटो, शान्त र गहिरो,
रङ्गहरू बोल्छन्–माधव र सीताको हिँडाइ जस्तो।
माटामा झल्किन्छ–चित्रकला, गीत र गाथा,
हर चुलोमा बास छ–श्रृङ्गारको कथा।
नदीहरू बग्छन्, जनकपुर सुनाउँछ गीत,
हर देउता जाग्छन्–मन्दिरमा नित्य प्रीत।
पानको पात, मखानको गन्ध,
हाम्रो मिथिला–सदियौँदेखि सुगन्ध।
माइतीको मायाले सजिएको गाउँ,
सिन्दूर जस्तो रातो, शुभेक्षा सँगै छाउँ।
मिथिलेश्वरीको अङ्कमा फूलको झरना,
भाषा र भेष–हाम्रो गौरवको कर्णा।
चलौं सँगै, साँचौं फेरि त्यो स्वर्णकाल,
जहाँ नारी शक्तिको बग्छ अमृतधार।
मिथिला बोल्छ–कलाको नाद,
यो हाम्रो गर्व, हाम्रो साज।



नाम: कृष्ण महासेठ
ठेकाना: जनकपुरधाम ८

## ।। घुसखोर कर्मचारी ।।

कागजका थुप्रोमा लुकेर बस्छ,
टेबुल मुनि हात फैलाएर कस्छ।
कानुनको किताब छेउमा राखी,
न्यायको नाममा चलाउँछ आँखी।
"काम त हुन्छ, तर अलि गाह्रो छ,"
भन्छ उसले, अनुहार साँघुरो छ।
तर जब चिया खर्च बढाउँछ कोही,
एकैछिनमै फाइल उड्छ बगैंचामा जस्तै सोही।
जनताको दु:ख उसलाई के थाहा?
उसको धर्म बनिसक्यो अब लोभ र चाह।
स्कुल होस् वा अस्पताल,
घुस नदिए बन्छैन कामहाल।
कसले बनायो यस्तो सिस्टम आज?
सच्याउनेको आवाज किन गुमनाम साज?
घुसखोरलाई लाज छैन क्यारे,
राष्ट्रको सेवा? – त्यो त बहानाको प्याले!
तर एक दिन साच्चिकै बदलिन्छ समय,
जनता उठ्नेछन्, नछोड्नेछन् कुनै छलछमय।
त्यो टेबुल मुनिको कालो कथा,
सत्यको घामले पोल्नेछ हरेक जथा।
- अब चाहिन्छ इमान र शुद्ध विचार,
घुसखोर हटाउँ, बनाऔँ नयां सरकार।



लेखक: बब्लु शर्मा
ज. उ. न. पा.-७

## ।। लोक सेवा ।।

कक्षा १० पास गर्यो खरदारको तयारी
कक्षा १२ पास गर्यो ना.सुको तयारी
स्नातक पास गर्यो अधिकृतको तयारी
सरकारले निर्धारण गरेको समयमा सेवाग्राहीको सेवा
सरकारले तोकिएको रकममा सेवाग्राहीको सेवा
मन दुखाइ आफ्नो समय कार्यालयमा दिईयो
सेवाग्राही कामको लागि सम्पर्क गर्न आयो
केही कर्मचारी आफ्नो कामले कार्यालय छोडी गयो।



नाम: ऋषिकेश यादव
ठेगाना : जनकपुर

## ।। दलितको पहिचान खोज्दैछु ।।

म दलित हो,दलितको पहिचान खोज्दैछु।
आफ्नो समुदायको आत्मसम्मान खोज्दैछ।
हातमा संविधान लिएर विश्वमा आफ्नो पहिचान खोज्दैछु।
हो , म दलित हो , दलितको पहिचान खोज्दैछु।
मैले छोएको पानी चल्दैन रे। त्यसैले पानीको नि जात खोज्दैछु। आफ्नो देश र आफ्नै सहरमा आफ्नो पहिचान खोज्दै छु।
हो म दलित हो दलितको सम्मान खोज्दैछु।
संविधानले दिएको हक अधिकार एक सम्मान खोज्दैछु।
हो म दलितको पहिचान खोज्दैछु।
कर्मको कलमले आफ्नो भविष्य जोगाउन खोज्दैछु।
आफ्नो मेहनतले आफ्नो बुवाआमा र आफ्ना पुस्ताको मान बचाउन खोज्दैछु।
म दलितको सम्मान बचाउन खोज्दैछु।
संविधानको पानाबाट दलित शब्द हटाउन खोज्दैछु।
आफू पनि अरु जस्तै सम्मानपूर्वक बाँच्न खोज्दैछु।
हो मित्र त्यसैले होला। संविधानको पानाबाट दलित शब्द हटाउन खोज्दैछु।
इतिहास पल्टाएर हेर दलित कुनै गाली होइन।
छुवाछुत गर्न सिकाउने कुनै धर्म किताबमा लेखेको हैन।
त्यसैले दलितको सम्मान खोज्दैछ।
म मेरो पहिचान खोज्दैछु।
पञ्चतत्त्वले बनेको शरीर को मान खोज्दैछु।
आफ्नो देशमा एउटा असल इन्सान खोज्दैछु।
म दलित हो दलितको पहिचान खोज्दैछु।
आफूले दलित भएर भोगेको अपमानको परिणाम खोज्दैछु।
हो मित्र म दलितको सम्मान खोज्दैछु।
म कुनै पार्टीको झोला र झण्डा होइन।
आफ्नो देशको पहिचान खोज्दैछु।
म कुनै पार्टीको अफिस होइन। अदालतको ढोका खोज्दैछु।
आफू दलित भएर भोगेको अपमानको परिणाम खोज्दै छु।
हो मित्र म दलित भएर सम्मान खोज्दैछु।



किशन महरा ( कानुनको विधार्थी)
क्षिरेश्वरनाथ न.पा - ७ , धनुषा

# विनियोजन विधेयकको मन्त्रालयगत विभिन्न शीर्षकमाथिको छलफल

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयकको मन्त्रालयगत विभिन्न शीर्षकमाथिको छलफल भएको छ ।

बैठकमा विनियोजन विधेयक, २०८२ को मन्त्रालयगत विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसद अमनलाल मोदीले बजेट विनियोजन असमान प्रणालीमा भएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभएको छ । उहाँले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेटले जनताको आवश्यकतालाई सम्बोधन गर्न नसकिने बताउनुभयो ।

"हुलाकी राजमार्गअन्तर्गतको कटहरी क्षेत्रको काम सम्पन्न गर्न बजेट विनियोजन भएन । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने किसिमको पनि बजेट आएको छैन", उहाँले भन्नुभयो, "विराटनगर अन्तरराष्ट्रिय विमानस्थलका विषयमा आवाज उठाइरहे पनि हालसम्म सुनुवाइ भएको छैन ।"

सांसद प्रेम आलेले दैलेखमा अन्वेषण भएको पेट्रोलियम पदार्थको अध्ययन प्रतिवेदन आउनु सकारात्मक पक्ष रहेको बताउनुभयो । उहाँले विगतको भन्दा पूर्वाधार तथा विकासका क्षेत्रमा बजेट विनियोजन बढेको भन्दै धनगढी-खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ सडक आयोजनाका लागि रु १५ करोड बजेट विनियोजन भएकामा असन्तुष्टि जनाउनुभयो ।

"उक्त सडकखण्डको रु ५० करोड पुरानो दायित्व रहेकाले कसरी ठेक्का लगाउने? सेती लोकमार्गका लागि अहिले रु २५ करोडमात्र बजेट विनियोजन भएको छ । यो न्यून हो । यसरी डोटेली जनतालाई राज्यले किन उपेक्षा गरेको हो?", उहाँले प्रश्न गर्नुभयो । सांसद दिलेन्द्रप्रसाद बडूले नीति तथा कार्यक्रमअनुसारको बजेट नआएको बताउनुभयो । "बजेट विनियोजनको अवस्था हेर्दा उत्साहित हुने अवस्थामा छैन । तर निराश भइहाल्ने अवस्थामा पनि छैन", उहाँले भन्नुभयो ।

सांसद महेश बस्नेतले इलाममा लोपोन्मुख गुम्बाहरू भूकम्पपछि जीर्ण अवस्थामा रहेका भन्दै सुधारका लागि माग गरिए पनि बजेटले सम्बोधन गर्न नसकेको बताउनुभयो । "सीमा सुरक्षामा खटिनेहरूको सेवासुविधालाई पुनःविचार गरियोस् । महेन्द्रबैंसीको पुल २०७२ सालदेखि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) भए पनि हालसम्म अन्योल छ, यसमा पनि पुनःविचार गरियोस्", उहाँले भन्नुभयो ।

सांसद महेन्द्रबहादुर शाहीले संसद्मा बजेटमाथि भएको छलफलमा दिइएको



सुझाव कार्यान्वयन हुन नसकेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । "बजेटपछि जनता उत्साहितभन्दा बढी निराशा देखिएका छन् । कालिकोट जिल्लालाई बजेटले उपेक्षा गरेको छ । आवश्यकताका आधारमा भन्दा पनि शक्ति केन्द्रित बजेट विनियोजन भएको छ", उहाँले भन्नुभयो ।

छलफलमा भाग लिँदै सांसद प्रकाश ज्वालाले सबै मन्त्रालयको बजेट असन्तुलित, पक्षपातपूर्ण र अन्यायपूर्ण रहेको धारणा राख्नुभयो ।"कर्णाली प्रदेशलाई बजेटले उपेक्षा र वञ्चितीकरणमा पारेको छ । राप्ती राजमार्ग सडकखण्डमा सरकारको प्राथमिकतामा पर्न सकेन", उहाँले भन्नुभयो, "मदन राजमार्गको सल्यानबाट सुर्खेतसम्मको खण्डलाई उपेक्षा गरिएको छ, यसमा सरकारको ध्यान जाओस् ।"

सांसद रामहरि खतिवडाले पोखरा र भैरहवामा विमानस्थल निर्माण भए पनि सञ्चालनमा नआएको भन्दै यसको स्तरोन्नतिमा सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो । "झापामा विकासका आयोजनाले प्राथमिकता पाउँदा ओखलढुङ्गा जिल्लाले प्राथमिकता पाउन सकेको छैन । आफ्नो निर्वाचन क्षेत्र केन्द्रित रहेरभन्दा पनि आवश्यकताका आधारमा बजेट विनियोजन हुनुपर्थ्यो । त्यसो हुन सकेन", उहाँले भन्नुभयो ।

सांसद दामोदर पौडेल बैरागी मुलुकलाई तीव्र आर्थिक वृद्धिमा लाने र जनतामा रहेको निराशा हटाउने लक्ष्य रहेकामा बजेट विनियोजनमार्फत पहल थालिएको बताउनुभयो । "हिजो थालिएको काम पूरा गर्ने लक्ष्य रहेको थियो । अधुरा आयोजना पूरा गर्नुपर्छ । दुब्लिगेट आयोजना खारेज गरेर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "रणनीतिक सडकमा बजेट बढाउनुपर्छ ।"

**निजामती विधेयकलाई तत्काल प्रक्रियामा ल्याउन आग्रह**

प्रतिनिधिसभाको बैठकमा सांसद लेखनाथ दाहालले सङ्घीय निजामती विधेयकलाई तत्काल प्रक्रियामा ल्याउन आग्रह गर्नुभएको छ ।

विभिन्न मन्त्रालयको विनियोजनमाथिको छलफलमा भाग लिँदै उहाँले कार्यसूचीमा समावेश भइसकेको विधेयक किन रोकिएको हो भनेर प्रश्न गर्नुभयो । सांसद दाहालले योजना छनोट, कार्यान्वयन र सार्वजनिक खरिद ऐनमा रहेका समस्या समाधानका लागि शीघ्र पहल गर्नुपर्नेमा जोड दिनुभयो । आफ्नो निर्वाचन क्षेत्रमा चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका आयोजनाका लागि बजेट विनियोजन नगरी पूर्णरूपमा कटौती गरिएकामा उहाँले आपत्ति जनाउनुभयो । पहुँचवालाको निर्वाचन क्षेत्रमा मात्र बजेट विनियोजन गर्ने प्रवृत्ति अन्त्य गरिनुपर्ने उहाँको भनाइ छ ।

सांसद डा प्रकाशशरण महतले रु तीन करोडभन्दा तलका आयोजना सङ्घीय सरकारले कार्यान्वयन गर्दैन भनेर अर्थमन्त्रीले यसअघि सदनमा प्रतिबद्धता जनाए पनि बजेट त्यस्तो नआएको बताउनुभयो । बजेट छरिने र अपेक्षित उपलब्धि हासिल हुन नसक्ने उल्लेख गर्दै उहाँले प्रदेशहरूका बजेटमा अराजकता रहेको र सङ्घीय सरकार पनि अछुतो नरहेको बताउनुभयो ।

सांसद राजेन्द्रकुमार केसीले मन्त्री र क्षेत्रमुखी बजेटले देशलाई समृद्ध नबनाउने बताउनुभयो । समग्र देश विकासलाई ध्यानमा राखेर बजेट आउनुपर्नेमा त्यस्तो हुन नसकेको धारणा राख्नुभयो ।सांसद पूर्णबहादुर तामाङले भौतिक पूर्वाधार तथा यातायातमन्त्री सदनमा उपस्थित नभएकाले आफूले धारणा नराख्ने बताउनुभयो । यसअघि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले विनियोजन विधेयकमाथिको छलफलमा सम्बन्धित मन्त्री सहभागी नभएको भन्दै नियमापत्ति व्यक्त गर्नुभयो ।

सांसदहरूको आपत्तिपछि सभामुख देवराज घिमिरेले बैठक १५ मिनेटका लागि स्थगित गर्नुभयो । भौतिकमन्त्री दाहाल उपस्थित भएपछि पुनः सुरु भएको बैठकमा सांसद तामाङले बिपी राजमार्ग पुनःनिर्माणमा सरकारले ध्यान नदिएकामा गुनासो गर्नुभयो । उहाँले कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको जन्मजिल्लाको रूपमा रहेको रामेछापलाई बजेट विनियोजनमा विभेद गरिएकामा आपत्ति प्रकट गर्नुभयो ।

सांसदहरू प्रभु हजारा, रणेन्द्र बराइली, छिरिङ डोम्डुल लामा भोटे, कालुराम राईले मन्त्रालयगत विनियोजन सन्तुलित र न्यायसङ्गत हुन नसकेको टिप्पणी गर्नुभयो ।

**बजेट विनियोजनमा विभेद भएको सांसदको गुनासो**

सांसदहरुले ठूला दलका शीर्ष नेता र मन्त्रीका जिल्लामा मात्रै आवश्यकभन्दा बढी बजेट विनियोजन गरिएको दाबी गर्नुभएको छ ।

प्रतिनिधिसभाको बैठकमा विभिन्न मन्त्रालयको विनियोजनमाथिको छलफलका क्रममा उहाँहरुले समानुपातिक रुपमा बजेट विनियोजन नभएकोमा असहमति प्रकट गर्नुभयो ।

छलफलमा भाग लिँदै सांसद दीपक गिरीले विनियोजन विधेयकमाथिको छलफलमा भाग लिँदै दाङको टरिगाउँ विमानस्थलको निर्माणका लागि रु एक करोड बजेट विनियोनजन गरिएकामा असहमति जनाउनुभयो । उहाँले सरकारले रु तीन करोडभन्दा कमको बजेट विनियोजन नगर्ने भन्ने व्यवस्था गर्ने भनेर प्रचार गरिएको भएपनि विमानस्थलको जग्गा अधिग्रहणका लागि आवश्यकभन्दा कम बजेट विनियोजन गरेर सांसदहरुको भावनालाई सम्बोधन गर्न नसकेको बताउनुभयो ।

सांसद मेनकाकुमारी पोखरेलले टरिगाउँ विमानस्थल निर्माणका सम्बन्धमा प्रधानमन्त्रीले नै प्रतिबद्धता र विश्वास दिलाएको भएपनि न्यून बजेट विनियोजन भएको बताउनुभयो ।सांसद पूर्णबहादुर घर्ती मगरले विनियोजन जनपक्षीय र यर्थाथपरक नभएको टिप्पणी गर्नुभयो । उहाँले सहकारी नियमनका लागि स्थानीय सरकारको सहभागितामा प्रभावकारी संरचना निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद अम्मरबहादुर थापाले बजेट जनपक्षीय र मुलुकको बृहत्तर हितका लागि नभएको धारणा राख्नुभयो । सांसद रञ्जुकुमारी झाले सबै जिल्लालाई समान रुपमा बजेट विनियोजन गर्न माग गर्नुभयो ।रामप्रकाश चौधरीले मधेस प्रदेशप्रति सङ्घीय सरकारले यथार्थमा आधारित भएर बजेट विनियोजन गर्न नसकेको बताउनुभयो । रासस

# नेपालीलाई इजरायल र इरानबाट उद्धार गर्ने तयारीमा छौँ: परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले इजरायल र इरानमा विकसित परिस्थितिअनुसार त्यहाँ रहेका नेपाली नागरिकहरूको सुरक्षा र उद्धारका लागि नेपाल सरकारले सम्भव भएका सबै उपायहरु अवलम्बन गर्ने र नेपाल फर्कन चाहनेलाई उद्धार गर्ने तयारीमा रहेको बताउनुभएको छ ।

शुक्रबार परराष्ट्र मन्त्रालयमा सम्पन्न श्रम रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँगको संयुक्त बैठकमा मन्त्री डा राणाले इजरायल र इरानमा जारी रहेको युद्धका कारण उत्पन्न परिस्थिति र त्यसको तयारीबारेमा छलफलका क्रममा सो जानकारी गराउनुभएको हो ।

मन्त्री डा राणाले परराष्ट्र मन्त्रालयको समन्वयमा इजरायलस्थित नेपाली दूतावासले सक्रिय रुपमा काम गरिरहेको, स्वदेश फर्कन चाहने नेपालीका लागि रजिष्ट्रेसन पनि खुलेको र उहाँहरु स्वदेश फर्कन चाहेमा उद्धारका लागि त्यसको प्रबन्धको तयारीमै सरकार रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जिटुजी प्रक्रियाअन्तर्गत इजरायल पुगेका नेपालीहरू नेपाल फर्कन वा सुरक्षित स्थानमा जान चाहेमा सोका लागि सहजीकरण गर्नु इजरायलको पनि दायित्व हो । त्यसका लागि सीमाक्षेत्रबाट अन्य मुलुकमा जान सहयोग गरिदिन इजरायल सरकारलाई अनुरोध गरिसकिएको छ । नेपालीहरु स्वदेश फर्कन चाहेमा उहाँहरुको उद्धारका लागि नेपाल सरकार तयारी अवस्थामै छ ।"

सो बैठकमा श्रममन्त्री शरद्सिंह भण्डारीले मन्त्रालय पनि त्यहाँ रहेका नेपालीहरुसँग निरन्तर सम्पर्कमा रहेको र उहाँहरु स्वदेश फर्कन चाहनुभएमा उद्धारको तयारीमा नेपाल सरकार लाग्नुपर्ने बताउनुभयो ।

उहाँले हाल इजरायल जाने अन्तिम तयारीमा रहेकाहरुलाई श्रम स्वीकृति नदिइ रोकिराखिएको पनि बताउनुभयो ।

यही जुन १३ मा इजरायल र इरानबीच युद्ध सुरु भएकै दिन परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत दुवै पक्षलाई अधिकतम संयमता अपनाउन र वार्ताद्वारा समस्या समाधान गर्न अपिल गर्दै ती मुलुकमा रहेका नेपालीलाई सम्बन्धित नेपाली राजदूतावाससँग सम्पर्कमा रहन अनुरोध गरेको थियो ।

त्यसपछि जुन १५ मा सम्पर्क विवरणसहितको ट्राभल एड्भाइजरी जारी गरी सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन नेपालीलाई अनुरोध गरिएको थियो ।

ती मुलुकमा हाल हवाई मार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीलाई 'अनलाइन भिसा' उपलब्ध गराउनेलगायतका काममा सहजीकरण गरिदिन खाडीस्थित सबै नेपाली नियोगलाई परराष्ट्र मन्त्रालयले गत बुधबार नै निर्देशन दिएको छ । साथै मन्त्रालयले अनलाइन पोर्टल खोलेर नेपालीहरूको विवरण लिन सुरू गरेको र उक्त पोर्टलमा हालसम्म ६०० जनाभन्दा बढीले विवरण दर्ता पनि गराइसकेका छन् । योक्रम जारी नै छ । परराष्ट्र मन्त्रालयले गत बुधबार नै दोस्रो पटक ट्राभल एड्भाइजरी जारी गरेर हाल इजरायल तथा इरानमा रहेका नेपाली नागरिकलाई सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन र नेपालबाट इजरायल वा मध्यपूर्वका अन्य मुलुकको भ्रमण नगर्न अनुरोध पनि गरिएको थियो ।

यसै साता नेपालका लागि इजरायलका राजदूत स्मुलिक आरी बाससँग परराष्ट्रमन्त्री डा राणाले भेटगरी नेपाली नागरिकहरूको सुरक्षाको उचित प्रबन्ध मिलाउन इजरायल सरकारलाई अनुरोध गर्नुभएको थियो ।

त्यसैगरी, इजरायलस्थित नेपाली राजदूतावास र इरान हेर्ने कतारस्थित नेपाली राजदूतावासलाई सम्बन्धित सरकारी अधिकारी, यस क्षेत्रमा काम गर्ने सङ्घसंस्था र नेपाली समुदायसँग निकटको सम्पर्क स्थापित गर्न र सोका सम्बन्धमा मन्त्रालयलाई 'रियल टाइम रिपोर्टिङ' गर्न निर्देशन दिइएको छ । हाल इजरायलमा पाँच हजार ५०० देखि सात हजार नेपाली रहेका र तीमध्ये धेरैजसो तेल अबिब, जेरुसेलम र हाइफामा रहेका छन् । त्यस्तै इरानमा १८ जना नेपाली रहेका छन् ।रासस

# 'बजेट किसानमैत्री भएन'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले सरकारले ल्याएको बजेट किसानमैत्री नभएको बताउनुभएको छ ।

शुक्रबार यहाँस्थित संवाद डबलीमा अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) ले आयोजना गरेको कार्यक्रममा उपमहासचिव बस्नेतले बजेटले किसानलाई अन्याय गरेको आरोपलगाउनुभयो।४८औँ जुगेडी किसान संघर्ष दिवसको अवसरमा गर्ने बाटो खुला छ तर आशा गरौँ छिट्टै उच्चस्थतरीय छानबिन समिति बन्ने छ", उहाँले भन्नुभयो ।नेता बस्नेतले किसान आन्दोलनमा जनवादी क्रान्तिको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै भन्नुभयो, "विसं २०५२ अघि भएका विभिन्न किसान आन्दोलनले सही दिशामा पक्रन नसक्नुको मुख्य कारण सामन्तवादप्रति केन्द्रित थिएनन्, सो विषय जनयुद्धले समेट्यो र निर्णायक बन्यो ।"

बस्नेतले समय क्रमसँगै




पूर्वगृहमन्त्रीसमेत रहनुभएका नेता बस्नेतले आफ्नो पार्टी जिम्मेवार प्रतिपक्षको रुपमा पेस भएर दुई बुँदे सहमति गरेको र त्यो कार्यान्वयन नभए पुनः आन्दोलन गर्ने चेतावनी दिनुभयो ।

उहाँले सरकारसँग भएको सहमति बारे कुनै गलत धारण नबनाउनसमेत आग्रह गर्नुभयो । "यदि ३० दिनभित्र समहति कार्यान्वयन नगरे सरकार विरुद्ध सडक संघर्ष सामाजिक जीवनको परिस्कृत मूल्य, मान्यता र आवश्यकताअनुसार सङ्घर्षका स्वरुप बदलिन सके मात्र किसान आन्दोलनलाई नवीन रुप दिन सकिने बताउनुभयो ।

सङ्गठनका उपाध्यक्ष श्रीगोविन्द महर्जनले जुगेडीलगायतका सङ्घर्षहरुलाई सत्तामा पुग्ने र बिर्सने प्रवृत्ति विरुद्ध आफूहरुले खबरदारी गर्दै आएको बताउनुभयो ।रासस

# देशमा बहुआयामिक र चौतर्फी ढङ्गले विकास गर्दैछौँ : प्रधानमन्त्री



ललितपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले ग्वार्कोमा नवनिर्मित 'फ्लाई ओभर' ले ग्वार्कोसहित आसपासका क्षेत्रमा हुने सवारी जामको समस्या समाधान गर्ने बताउनुभएको छ ।

शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा आयोजित कार्यक्रममा नवनिर्मित फ्लाई ओभरको उद्घाटन गर्दै उहाँले सरकारले बहुआयामिक र चौतर्फी ढङ्गले विकास अगाडि बढाएकाले यसमा सबैको साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

काठमाडौँ चक्रपथको कलङ्की-कोटेश्वर खण्डमा निर्मित ग्वार्को फ्लाई ओभरको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निर्माण गरेको हो । इञ्जिनियरिङ प्रोक्युरमेन्ट कन्स्ट्रक्सन (इपिसी) ढाँचामा रु १७ करोड छ लाख ८८ हजारमा आशिष समानान्तर रेलिगेर जेभीद्वारा निर्मित् उक्त फ्लाई ओभर नेपालको पहिलो हो । कुल पाँच सय मिटर 'अप्रोच' सडक रहेको यसमा ३५ मिटर स्पानको चार लेन पुल निर्माण भएको छ । ग्वार्को चोकको ट्राफिक जामलाई हटाउन २०७८ सालमा यसको निर्माण आरम्भ भएको थियो ।

"हामी विकासको बाटोमा लगातार अगाडि बढिरहेका छौँ । विहिबार दैलेखमा नेपाललाई ५० वर्ष पुग्ने मिथेन ग्यास रहेको प्रमाणित भयो । तीनवटा कुवामध्ये एउटा कुवाबाट त्यति ग्यास पैदा हुन्छ । त्यसको उत्खननको सुरुआत गरेका थियौँ । धौवादी फलाम कारखाना सुरु भएपछि नेपालमा फलाम उत्पादन भई देशको अर्थतन्त्रलाई धेरै अगाडि बढाउने छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसरी विकास हुँदा विदेश जाने मुद्रा स्वदेशमा रहन्छ ।

ठूलो आर्थिक लाभसहित रोजगारी सृजना हुन्छ । अरु खनिजको उत्खनन, कृषिको आधुनिकीकरण गर्नेछौँ । नयाँ उद्योग स्थापना, सामाजिक र प्रशासनिक सुधार गरेर देशलाई अगाडि बढाउनेछौँ ।"

सुनकोशी-मरिन डाइभर्सन आयोजना र हुलाकी राजमार्गले तराईको मुहार फेर्ने र मेची-महाकालीको कायाकल्प गर्ने बताउँदै उहाँले देशले पूर्वाधार विकासका क्षेत्रमा गति लिँदै गएको बताउनुभयो । रासस


## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढ द्वारा लिलामबिक्री गरिने बारेको दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः–२०८२।०३।०७)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१।०७।०५ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिन हुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्थातथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढ द्वारा धितो लिलाम बिक्री हुन नसकेम ।धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसील

**सम्बन्धित कार्यालयः- कृषि बिकास बैंक लि. हरिवन शाखा, सर्लाही ।** **लिलाम हुने कार्यालय तथा स्थान** : मलंगवा शाखा, सर्लाही ।
**धितो लिलाम बिक्री हुने मिति**ः- २०८२ साल असार २२ गते आईतवार

ग्राहकको विवरण

**१–फर्मको नाम** :– रेडियम निर्माण, आपूर्ति, ढुवानी तथा ड्रिलिङ्ग सेवा प्रा.लि. (शे./सं. गोमा विष्ट) **दर्ता भएको कार्यालयः** कम्पनी रजिष्ट्रारको कार्यालय फर्मको दर्ता नं.: ४१८५०/०६३/६४ दर्ता मिति : २०६३।०६।०९ पान नं.: ३०२४४१०९९

शेयरधनी/संचालकको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको मिति र कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गोमा विष्ट | गौरीवास २, महोत्तरी | ०४९२२३५८/४५७ | जि.प्र.का.महोत्तरी, २०५०।१०।५ | जगत बहादुर विष्ट | पुष्प राज विष्ट |

लिलाम हुने अचल सम्पत्तिको विवरण

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| गोमा विष्ट | सर्लाही | हरिवन | २ग | ७६३ | ०-०-१५ |

ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको मिति र कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गोमा विष्ट | गौरीवास २, महोत्तरी | ०४९२२३५८/४५७ | जि.प्र.का.महोत्तरी, २०५०।१०।५ | जगत बहादुर विष्ट | पुष्प राज विष्ट |

**शर्तहरू** :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्ति शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तीमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउ ननसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकमफिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानीगर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वानदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि नजिकको वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

# मुद्रास्फीति बढ्दै जाँदा जापानमा चामलको मूल्य दोब्बर

एएफपी

टोकियो। मे महिनाको १२ महिनामा जापानमा चामलको मूल्य दोब्बर भएको तथ्याङ्कले शुक्रबार देखाएको छ। मुद्रास्फीतिमा भएको तीव्रताले प्रधानमन्त्री सिगेरु इशिबामाथि अर्को महिनाको प्रमुख चुनावअघि नयाँ दबाब खडा गरेको छ।

अक्टोबरमा उहाँले पदभार सम्हालेपछि उहाँको दशमलव पाँच प्रतिशतले बढेको थियो।

अस्थिर ताजा खानाको मूल्यलाई समावेश नगर्ने यसले मुख्य मुद्रास्फीति पूर्वानुमानलाई उछिनेर तीन दशमलव सात प्रतिशतमा पुऱ्याउन मद्दत गरेको छ। यो सन् २०२३ जनवरीपछिको सबैभन्दा उच्च स्तर हो भने अप्रिलको तीन दशमलव पाँच प्रतिशतबाट



प्रशासनका लागि सार्वजनिक समर्थन सबैभन्दा तल्लो तहमा झरेका कारण आंशिक रूपमा जीवनयापनको लागतमा निराश भएपछि संसद्को माथिल्लो सदनका लागि चुनाव इसिबाका लागि महत्त्वपूर्ण छ।

आक्रोशको मुख्य स्रोतहरू मध्ये एक खाद्य पदार्थको बढ्दो लागत हो। यो आपूर्ति शृङ्खलामा समस्या लगायत विभिन्न कारणहरूले गर्दा अभावका कारण महिनौँदेखि आकाश छुँदै गएको छ।मे महिनामा चामलको मूल्य एक सय एक प्रतिशतले बढेको छ। यो अप्रिलमा ९८ दशमलव चार प्रतिशतले र मार्चमा ९२ बढेको हो।चामलको सङ्कटले सरकारलाई फेब्रुअरीदेखि आपत्कालीन भण्डार जारी गर्ने दुर्लभ कदम चाल्न बाध्य बनाएको छ। यो सामान्यतया प्राकृतिक प्रकोपका बेला मात्र गरिन्थ्यो। तर चामल मात्र मुद्रास्फीति बढाउने कुरा होइन।

शुक्रबारको डाटाअनुसार मे महिनामा बिजुलीको बिल ११ दशमलव तीन प्रतिशत बढ्यो भने ग्यासको शुल्क पाँच दशमलव चार प्रतिशत बढ्यो।ऊर्जा र ताजा खाना बाहेक उपभोक्ता मूल्यहरू तीन दशमलव तीन प्रतिशत बढेको छ। यो अप्रिलको तीन प्रतिशतको तुलनामा बढी थियो।

# इरान र इयुका शीर्ष कूटनीतिज्ञले आणविक वार्ता गर्ने

एएफपी

तेहरान। युरोपेली विदेशमन्त्रीहरूले शुक्रबार आफ्ना इरानी समकक्षीसँग आणविक वार्ता गर्ने भएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरान-इजरायल युद्धमा अमेरिकी संलग्नताको सम्भावनालाई विचार गरिरहनुभएको छ।

इजरायलले इरान आणविक हतियार विकास गर्ने सङ्घारमा रहेको भन्दै एक हप्ताअघि आफ्नो कट्टर दुश्मनविरुद्ध ठूलो आक्रमणको लहर सुरु गरेको थियो। उक्त आक्रमणपछि इरानले तत्काल जवाफी आक्रमण सुरु गऱ्यो। मैदानमा इजरायली सेनाले रातभर तेहरानमा दर्जनौं लक्ष्यमा आक्रमण गरेको बताएको छ। यसमा 'इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकास' केन्द्र भनिने ठाउँ पनि समावेश छ।

सेनाका अनुसार इरानबाट क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलमा साइरन बज्यो। प्रहरीले आपत्कालीन प्रतिक्रिया टोली र बम डिस्पोजल विशेषज्ञहरू दक्षिणी सहरमा 'प्रक्षेप्य प्रभाव भएको ठाउँमा' सञ्चालन भइरहेको बताएको छ।युरोपेली नेताहरूले इजरायलसँगको इरानको युद्धमा तनाव कम गर्न आग्रह गरेका छन् भने ट्रम्पले 'आगामी दुई हप्ताभित्र' लडाइँमा संयुक्त राज्य अमेरिकालाई संलग्न गराउने कि नगराउने निर्णय गर्ने बताउनुभएको छ।

इजरायल, संयुक्त राज्य अमेरिका र अन्य पश्चिमी शक्तिहरूले इरानलाई आणविक हतियार खोजेको आरोप लगाउँछन्। उक्त आरोपलाई इरानले अस्वीकार गरेको छ।इरानले ६० प्रतिशत युरेनियम संवर्धन गरिरहेको थियो। यो अन्तर्राष्ट्रिय शक्तिहरूसँगको सन् २०१५ को सम्झौताले तय गरेको तीन दशमलव ६७ प्रतिशत सीमाभन्दा धेरै, तर अझै पनि आणविक हतियारका लागि आवश्यक ९० प्रतिशत सीमाभन्दा कम छ।

### अब अवसरको झ्याल खुलेको छ

इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार जेनेभामा आफ्ना फ्रान्सेली, जर्मन, बेलायती र इयु समकक्षीहरूसँग इरानको आणविक कार्यक्रमका बारेमा छलफल गर्न भेट गर्नुहुनेछ।



उहाँले संयुक्त राष्ट्र मानवअधिकार परिषद्लाई पनि सम्बोधन गर्नुहुने उक्त निकायका प्रवक्ताले बताएका छन्।
बेलायतका विदेशमन्त्री डेभिड लामीले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग 'इरानले कहिल्यै आणविक हतियार विकास गर्न वा प्राप्त गर्न सक्दैन' भन्ने कुरामा सहमत हुँदै 'कूटनीतिक समाधान प्राप्त गर्न आगामी दुई हप्ताभित्र अब अवसरको झ्याल खुलेको' बताउनुभयो।

जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले जेनेभामा भइरहेको बैठकप्रति संयुक्त राज्य अमेरिका सचेत र समर्थन दुवै रहेको बताउनुभयो।"यदि इरान युद्धको लम्बाइबाट बच्न चाहन्छ भने उसले नयाँ स्तरको गम्भीरता र विश्वसनीयता देखाउन आवश्यक छ भन्ने कुरामा इरान सचेत हुनुपर्छ", उहाँले भन्नुभयो।फ्रान्सको विदेश मन्त्रालयका प्रवक्ता क्रिस्टोफ लेमोइनले इरानले आणविक अप्रसार सन्धिअन्तर्गत आफ्नो दायित्वको सम्मान गर्ने सुनिश्चित गर्न कूटनीतिक मार्ग नै एकमात्र उपाय हुने बताउनुभयो।

"सैन्य समाधान दीर्घकालीन समाधान होइन", उहाँले फ्रान्सेली रेडियो स्टेसन सिएनयुजलाई भन्नुभयो।तर इरानका विदेशमन्त्री अराघचीले इजरायलले आफ्नो आक्रमण जारी राखेसम्म अमेरिकासँग वार्ताको कुनै पनि सम्भावनालाई अस्वीकार गर्नुभयो।"अमेरिकीहरूले वार्ताका लागि गम्भीरताका साथ आह्वान गर्दै बारम्बार सन्देशहरू पठाएका छन्। तर हामीले यो स्पष्ट पारेका छौं कि जबसम्म आक्रामकता रोकिँदैन, कूटनीति र संवादका लागि कुनै ठाउँ हुनेछैन", उहाँले भन्नुभयो।

### अनुमान

रुस, चीन र पाकिस्तानको समर्थनमा इरानले अनुरोध गरेको द्वन्द्वमा दोस्रो सत्रका लागि संयुक्त राष्ट्र सुरक्षा परिषद्ले पनि शुक्रबार बैठक बोलाउने भएको एक कूटनीतिज्ञले बुधबार बताएका छन्।

सिएनएनसँग कुरा गर्दै अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीले इरान ६० प्रतिशत युरेनियम संवर्धन गर्ने विश्वको एक मात्र गैर-घोषित आणविक शक्ति भएको तर हाल आणविक हतियार बनाउनका लागि सबै कम्पोनेन्टहरू छन् भन्ने कुनै प्रमाण नभएको बताउनुभयो।"त्यसैले उनीहरूका लागि कति समय लाग्नेछ भन्ने कुरा शुद्ध अनुमान हुनेछ किनभने हामीलाई थाहा छैन कि कोही छ कि छैन, गुप्त रूपमा यी गतिविधिहरू गरिरहेको थियो कि थिएन", ग्रोसीले भन्नुभयो, "हामीले त्यो देखेका छैनौँ र हामीले भन्नुपर्छ।"

ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले इरान आणविक बम उत्पादन गर्न 'केही हप्ता' टाढा रहेको बताउनुभयो।"यदि कूटनीतिका लागि अवसर छ भने राष्ट्रपतिले सधैँ यसलाई पछ्याउनुहुनेछ, तर उहाँ शक्ति प्रयोग गर्न पनि डराउनुहुन्न", उहाँले भन्नुभयो। इजरायलको अभियानमा कुनै पनि अमेरिकी संलग्नताले फोर्डोको महत्त्वपूर्ण भूमिगत आणविक सुविधामा शक्तिशाली बङ्कर-बस्टिङ बमहरू प्रयोग गरेर बम प्रहार गर्ने अपेक्षा गरिन्छ जुन अन्य कुनै देशसँग छैन।

### सहायक क्षति

युद्धमा अमेरिकी संलग्नताको सम्भावनालाई समर्थन गर्ने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले क्षेप्यास्त्र आक्रमणमा ४० जना घाइते भएका र धेरै अस्पताल वार्डहरू ध्वस्त भएपछि इरानले 'भारी मूल्य' चुकाउने वाचा गर्नुभएको छ।विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले स्वास्थ्य सुविधाहरूमा भएको आक्रमणलाई 'भयावह' भन्नुभएको छ भने संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले नागरिकहरूलाई 'सहायक क्षति' का रूपमा व्यवहार गरिएको बताउनुभएको छ।

इरानमा इजरायलको आक्रमणबाट भाग्ने मानिसहरूले खाद्यान्नको अभाव र सीमित इन्टरनेट पहुँचसहित डरलाग्दो दृश्यहरू र कठिन जीवनयापनको अवस्था वर्णन गरेका छन्।"ती दिन र रातहरू धेरै डरलाग्दा थिए... साइरन सुन्दै, रुँदै, मिसाइलले प्रहार गर्ने खतरा", तेहरान विश्वविद्यालयका विद्यार्थी मोहम्मद हसनले आफ्नो जन्मभूमि पाकिस्तान फर्केपछि भन्नुभयो।"मानिसहरू साँच्चै डराएका छन्", नाम खुलाउन नचाहने ५० वर्षीया इरानी फार्मासिस्टले टर्कीसँगको सीमानामा रहेको एक सीमामा भन्नुभयो।

### आणविक स्थलहरू

बिहीबार इजरायलले आंशिक रूपमा निर्मित अराक आणविक रिएक्टर र नातान्जमा युरेनियम संवर्धन सुविधासहित 'दर्जनौँ' इरानी लक्ष्यमा प्रहार गरेको बताएको छ।

इरानी आणविक ऊर्जा एजेन्सीका प्रमुख मोहम्मद एस्लामीले संयुक्त राष्ट्र आणविक निगरानी निकाय आइएइएलाई लेखेको पत्रमा अराक रिएक्टरमा प्रहार भएको पुष्टि गर्दै इजरायलको 'अन्तर ष्ट्रिय नियमहरूको उल्लङ्घन' रोक्न कारबाहीको माग गर्नुभएको छ।मध्य इजरायली सहर बात याममा आइतबार आक्रमण भएको स्थानमा एक महिलाको शव भेटिएको छ। यो शवसँगै जुन १३ देखि इरानी मिसाइलहरूबाट इजरायलमा मृत्युको संख्यालाई अधिकारीहरूका अनुसार २५ जनामा पुऱ्याएको छ।इरानले आइतबार इजरायली आक्रमणले सैन्य कमाण्डर, आणविक वैज्ञानिक र नागरिक सहित कम्तीमा दुई सय २४ जनाको मृत्यु भएको बतएको छ।

# राजनीतिक सङ्कट कम गर्ने प्रयासमा थाई प्रधानमन्त्रीको सेनाका कमान्डरसँग भेट

एएफपी

बैङ्कक। थाई प्रधानमन्त्री पेटोङटार्न सिनावात्राले शुक्रबार एक सेना कमान्डरसँग मेलमिलापको वार्ता गर्नुभएको छ। उहाँले आफ्नो सरकारलाई अपदस्थ गर्ने धम्की दिने सङ्कटलाई कम गर्न सङ्घर्ष गर्दा लिक भएको फोन कलमा ती कमान्डरको आलोचना गर्नुभएको थियो।

विवादास्पद अर्बपति पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरी एवं एक वर्षभन्दा कम समयदेखि पदमा रहनुभएकी पेटोङटार्नले पूर्व कम्बोडियाली नेता हुन सेनसँगको कलका कारण राजीनामा दिन वा चुनावको घोषणा गर्न दबाब सामना गरिरहनुभएको छ।

उहाँको मुख्य गठबन्धन साझेदार, रूढिवादी भुमजाइथाई पार्टी बुधबार सरकारबाट बाहिरिएको छ। उक्त पार्टीले पेटोङटार्नले देश र सेनाको अपमान गर्नुभएको र उहाँको सरकारलाई पतनको विन्दुमा छाडेको बताएको छ।उहाँले प्रधानमन्त्री पदबाट नहटेसम्म गठबन्धनको अर्को साझेदारले पद छोड्ने धम्की दिएको खबर सार्वजनिक भएपछि शुक्रबार उहाँलाई अर्को झट्का लागेको छ।

यो सङ्कटले थाई सेयर बजारलाई पाँच वर्षको तल्लो तहमा झारेको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीसहितको व्यापार भन्सार शुल्कका साथ राज्यले आफ्नो सुस्त अर्थतन्त्रलाई उक्साउन सङ्घर्ष गरिरहेको छ। हुन सेनसँगको कुराकानीमा लेफ्टिनेन्ट जनरल बुन्सिन प्याडक्लाङलाई 'प्रतिद्वन्द्वी' का रूपमा अपमान गरेको फोन कल लिक भएपछि सम्बन्ध सुधार्न ३८ वर्षीया पेटोङटार्नले शुक्रबार उत्तर पूर्वी थाइल्यान्डमा सेनाको भ्रमण गरी लेफ्टिनेन्ट जनरल बुन्सिन प्याडक्लाङसँग भेट गर्नुभएको छ।



लामो समयदेखिको विवाद गत महिना घातक झडपमा बदलिएको कम्बोडियासँगको सिमानामा बुन्सिनले थाई सेनाको कमान्ड गर्नुहुन्छ र पेटोङटार्नका बारेमा आलोचनाले दक्षिणपन्थी राष्ट्रवादी आलोचकहरूबाट अविश्वासको आरोप ल्याएको छ।उहाँहरूको भेटपछि पेटोङटार्नले मामिला समाधान भएको बताउनुभयो।"यो धेरै राम्रो भयो। मैले कमान्डरसँग कुरा गरेको छु र अब कुनै समस्या छैन", उहाँले पत्रकारहरूलाई भन्नुभयो। आफ्नो पक्षबाट बुन्सिनले भन्नुभयो, "सबै कुरा सामान्य छ।"

> यो सङ्कटले थाई सेयर बजारलाई पाँच वर्षको तल्लो तहमा झारेको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीसहितको व्यापार भन्सार शुल्कका साथ राज्यले आफ्नो सुस्त अर्थतन्त्रलाई उक्साउन संघर्ष गरिरहेको छ।

### अल्टिमेटम

बुन्सिनसँगको भेटपछि पेटोङटार्नले बिहीबार सैन्य र प्रहरी प्रमुखहरूद्वारा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक माफी मागेपछि उहाँमाथि दबाब बढेको थियो।

एक चलाक अपरेटरका रूपमा चिनिने अनुभवी राजनीतिज्ञ हुन सेनसँगको कुराकानीमा पेटोङटार्नलाई कमजोर र अपमानजनक भएको भन्दै आलोचना गरिएको थियो, तर सेनाका कमान्डरका बारेमा उहाँको टिप्पणी सम्भवतः उहाँका लागि सबैभन्दा हानिकारक थियो।

थाइल्यान्डको सशस्त्र बलले लामो समयदेखि राज्यको राजनीतिमा शक्तिशाली भूमिका खेलेको छ र राजनीतिज्ञहरू प्रायः उनीहरूको विरोध नगर्न सावधान रहन्छन्। सेनाका कमान्डरसँग क्षमा याचना र स्पष्ट मेलमिलाप पेटोङटार्नको प्रधानमन्त्री पद बचाउन पर्याप्त नहुन सक्छ।भुमजाइथाईको प्रस्थानले सरकारको गठबन्धनलाई संसद्मा अत्यन्त झिनो बहुमत छोडेको छ र अर्को साझेदार गुमाउँदा यो सम्भवतः पतन हुनेछ।

कन्जरभेटिभ डेमोक्रेट पार्टीले गठबन्धनमा रहने वाचा गरेपछि शुक्रबार बिहान पेटोङटार्नका लागि राम्रो खबरको झलक देखिएको छ।यद्यपि सार्वजनिक प्रसारणकर्ता थाईपिबिएसले ३६ सिट भएको र अहिले फेउ थाईपछि गठबन्धनमा सबैभन्दा ठूलो पार्टी रहेको युनाइटेड थाई नेसन (युटिएन) पार्टीले पद छोड्ने विचार गरिरहेको बताएको छ।

प्रसारणकर्ताका अनुसार युटिएनले पेटोङटार्नलाई अल्टिमेटम जारी गर्न गइरहेको छः या त उहाँले प्रधानमन्त्रीको पद छाड्नुहन्छ वा उनीहरूले फिर्ता लिन्छन्, सरकारलाई ढाल्छन्।युटिएनभित्र विभाजनका सुझावहरू पनि छन्, तर सरकारको बहुमत अहिले यति सानो छ कि पार्टीका आधा सांसदहरू मात्र गए पनि यो घातक हुनसक्छ।

### सडक प्रदर्शनको खतरा

पेटोङटार्नले सडक प्रदर्शनको सम्भावनाको सामना पनि गर्न सक्नुहुनेछ किनकि उहाँको परिवारसँग सम्बन्धित पूर्व नेताहरूलाई डुबाउन मद्दत गर्ने विशाल प्रदर्शनहरूमा संलग्न राजनीतिक कार्यकर्ताहरूले उहाँलाई जान आह्वान गरेका छन्।

कार्यकर्ताहरूले शनिबार मध्य बैङ्ककमा र अर्को जुन २८ मा ऱ्यालीको आह्वान गरेका छन्, यद्यपि पेटोङटार्न यति लामो समयसम्म टिक्नुहुन्छ कि हुन्न भनेर हेर्न बाँकी छ।उहाँले गत वर्ष अगस्टमा फेउ थाई र रूढीवादी, सैन्य समर्थक दलहरूको समूहबीचको असहज गठबन्धनको नेतृत्वमा पदभार ग्रहण गर्नुभएको थियो। सैन्य समर्थक दलहरूका सदस्यहरूले विगत २० वर्षको धेरै समय उहाँका बुबासँग लडिरहेका छन्।

दुई पटक निर्वाचित प्रधानमन्त्री थाक्सिनलाई सन् २००६ मा सैन्य कूबाट बाहिर हटाइएको थियो र रूढीवादी, शाही प्रतिष्ठान र उहाँले स्थापना गरेको राजनीतिक आन्दोलनबीचको कटु द्वन्द्वले त्यस समयमा थाई राजनीतिमा प्रभुत्व जमाएको छ। सन् २०२३ मा राजीनामा दिनुभएका कम्बोडियाका लामो समयका शासक तथा थाक्सिनसँग घनिष्ठ सम्बन्ध राख्नुभएका हुन सेनले शुक्रबार चुहिएको कलको विवादले 'हाम्रा दुई परिवारबीचको ३० वर्षभन्दा बढीको हार्दिक बन्धन' लाई 'चकनाचुर' पारेको बताउनुभयो।

# चिकित्सा उपकरण सम्झौताबाट चिनियाँ कम्पनीहरूमाथि प्रतिबन्ध

एएफपी

ब्रसेल्स। बेइजिङले आफ्नो बजारमा पहुँचमा राखेका सीमाहरूको जवाफमा युरोपेली सङ्घ (इयु) ले शुक्रबार चिनियाँ कम्पनीहरूलाई ५० लाख युरो (५८ लाख डलर) भन्दा बढीको सरकारी चिकित्सा उपकरण खरिद गर्न प्रतिबन्ध लगाएको छ।

सत्ताइस राष्ट्रको समूह इयु र चीनबीचको व्यापारिक तनावको यो पछिल्लो आक्रमणले शल्यक्रिया मास्कदेखि एक्स-रे मेसिनसम्म स्वास्थ्य सेवा आपूर्तिको व्यापक दायरालाई समेट्छ, जसले इयुमा एक खर्ब ५० अर्ब युरोको बजार प्रतिनिधित्व गर्छ।"यी उपायका साथ हाम्रो उद्देश्य इयु व्यवसायहरूका लागि खेल मैदान बराबर गर्नु हो", ब्लकका व्यापार आयुक्त मारोस सेफकोभिकले भन्नुभयो, "हामी यी समस्या समाधान गर्न चीनसँग वार्ता गर्न प्रतिबद्ध छौं।"

युरोपेली आयोगले एक विज्ञप्तिमा यो कदम 'चिनियाँ सरकारको सम्झौताबाट इयु-निर्मित चिकित्सा उपकरणहरूको लामो समयदेखि बहिष्कारको प्रतिक्रियामा' थियो भनेको छ।ब्रसेल्सले चीनमा



चिकित्सा उपकरणहरूका लागि सार्वजनिक खरिद सम्झौताको ९० प्रतिशतभन्दा कम इयुका कम्पनीहरू विरुद्ध 'बहिष्करण र भेदभावपूर्ण उपायहरूको अधीनमा रहेको' बताएको छ।

"चिनियाँ कम्पनीहरूलाई प्रमुख राज्य खरिदबाट प्रतिबन्ध लगाउनुका साथै सफल बोलीका लागि चीनबाट इनपुट पनि ५० प्रतिशतमा सीमित हुनेछ", आयोगले भनेको छ।

पछिल्लो तीन वर्षमा ब्रसेल्स र बेइजिङ इलेक्ट्रिक कार, रेल उद्योग, सौर्य प्यानल र पवन टर्बाइन लगायत धेरै आर्थिक क्षेत्रहरू द्वन्द्वमा परेका छन्।चिकित्सा उपकरणहरूको निर्णय राष्ट्रपति डोनाल्ड ट्रम्पको संयुक्त राज्य अमेरिकासँग बढेको व्यापारिक तनावको समयमा आएको छ। ट्रम्पले युरोपसहित विश्वभरका आयातहरूमा भन्सार अधिभार लगाउनुभएको छ।

आफ्ना व्यवसायहरूलाई अनुचित प्रतिस्पर्धाविरुद्ध राम्रोसँग बचाउन कानूनको विशाल हतियार प्रयोग गर्दै इयुले हालका वर्षहरूमा व्यापारमा कडा कदम चाल्ने निर्णय गरेको छ।सन् २०२४ अप्रिलमा आयोगले चिकित्सा उपकरणहरूका लागि चिनियाँ सार्वजनिक सम्झौताहरूमा अनुसन्धान खोलेको थियो। यो विदेशी राज्य खरिदहरूमा राम्रो पहुँच प्राप्त गर्न सन् २०२२ मा सुरु गरेको नयाँ संयन्त्र अन्तर्गत पहिलो थियो।अर्कोतर्फ चीनले युरोपलाई संरक्षणवादको आरोप लगाउँछ।

एक वर्षको वार्तापछि, २७ सदस्य राष्ट्रको तर्फबाट व्यापार नीति व्यवस्थापन गर्ने आयोगले चीनसँग कुनै प्रगति गर्न असफल भएको बताएको छ।

"यो उपायले चीनलाई इयु कम्पनीहरू र इयु-निर्मित चिकित्सा उपकरणहरू विरुद्धको भेदभाव रोक्न र इयुले कम्पनीहरूलाई चिनियाँ कम्पनीहरू र उत्पादनहरूसँग इयुले गरेको जस्तै खुलापनका साथ व्यवहार गर्न प्रोत्साहित गर्न खोज्छ", ब्रसेल्सले भनेको छ।

# इजरायली सेनाद्वारा तेहरानको हतियार अनुसन्धान केन्द्रमा आक्रमण

जेरुसेलम। एएफपी

दुई शत्रुबीचको युद्धको आठौँ दिनमा इजरायली सेनाले रातभर तेहरानमा दर्जनौँ लक्ष्यमा आक्रमण गरेको शुक्रबार बताएको छ। आक्रमणमा 'इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकास' केन्द्र भनिने ठाउँ समावेश छ।

सेनाले एक विज्ञप्तिमा भनेको छ, "सेनाले तेहरानको मुटुमा शृंखलाबद्ध आक्रमणहरू सम्पन्न गरेको छः सैन्य क्षेप्यास्त्र उत्पादन स्थलहरू र इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकासका लागि एसपिएनडी (अर्गनाइजेसन अफ डिफेन्सिभ इनोभेसन एन्ड रिसर्च) मुख्यालयसहित दर्जनौँ लक्ष्यमा प्रहार गरिएको थियो।"

इजरायली सेनाका अनुसार एसपिएनडी मुख्यालय इरानी शासनको सैन्य क्षमतालाई समर्थन गर्ने उन्नत प्रविधि र हतियारहरूको अनुसन्धान र विकासका लागि प्रयोग गरिन्छ।बिहीबार राति ६० वटाभन्दा बढी लडाकू विमानले दर्जनौँ सैन्य लक्ष्यमा प्रहार गरेको सेनाले जनाएको छ।

"लक्ष्यहरू मध्ये मिसाइल कम्पोनेन्टहरू उत्पादन गर्ने साइटहरू र कास्टिङ मिसाइल इन्जिनहरूमा प्रयोग हुने कच्चा मालहरू निर्माण गर्ने सुविधाहरू थिए", सेनाले भनेको छ।इरान आणविक हतियार विकास गर्ने सङ्घारमा रहेको दाबी गर्दै इजरायलले एक हप्ताअघि आफ्नो कट्टर दुश्मनविरुद्ध हवाई आक्रमण गरेको थियो। उक्त आक्रमणपछि दुवैतर्फ बाट घातक आक्रमण सुरु भएका छन्।

युद्धको कूटनीतिक समाधानमा पुग्ने आशामा युरोपेली विदेशमन्त्रीहरूले शुक्रबार आफ्नो इरानी समकक्षसँग वार्ता गर्नेछन्।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ४६ पैसा र बिक्रीदर १३९ रुपैयाँ ०६ पैसा निर्धारण गरिएको छ । युरोपियन युरो एकको खरिददर १५९ रुपैयाँ र बिक्रीदर १५९ रुपैयाँ ६९ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ ०४ पैसा र बिक्रीदर १८६ रुपैयाँ ८५ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १६९ रुपैयाँ ३५ पैसा र बिक्रीदर १७० रुपैयाँ ०८ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ६० पैसा र बिक्रीदर ८९ रुपैयाँ ९९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ०३ पैसा र बिक्रीदर १०१ रुपैयाँ ४७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ५१ पैसा र बिक्रीदर १०७ रुपैयाँ ९८ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ २६ पैसा र बिक्रीदर १९ रुपैयाँ ३५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९० पैसा र बिक्रीदर ३७ रुपैयाँ ०६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ९८ पैसा र बिक्रीदर ३८ रुपैयाँ १५ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ २२ पैसा र बिक्रीदर चार रुपैयाँ २४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ७० पैसा र बिक्रीदर ३७ रुपैयाँ ८७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ५० पैसा र बिक्रीदर ३२ रुपैयाँ ६४ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ०३ पैसा र बिक्रीदर १० रुपैयाँ ०७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ३६ पैसा र बिक्रीदर १४ रुपैयाँ ४३ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ३२ पैसा र बिक्रीदर २१ रुपैयाँ ४१ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ६४ पैसा र बिक्रीदर १७ रुपैयाँ ७१ पैसा, कुवेती दिनार एकको खरिददर ४५१ रुपैयाँ ९५ पैसा र बिक्रीदर ४५३ रुपैयाँ ९१ पैसा, बहराइन दिनार एकको खरिददर ३६७ रुपैयाँ ०७ पैसा र बिक्रीदर ३६८ रुपैयाँ ६६ पैसा, ओमनी रियाल एकको खरिददर ३५९ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३६१ रुपैयाँ १७ पैसा रहेको छ ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस




# प्रभावकारी बन्दै कृषक पाठशाला

बेनी । बेनी नगरपालिका-१ आनन्दबगरका रुद्रबहादुर थापामगर करेसाबारीमा कुटो, कोदालो र कापीकलम एकैसाथ बोकेर पस्नुहुन्छ । सामान्यतया खेतबारीमा घरेलु औजार बोकेर काम गर्न जाने प्रचलन रहे पनि थापा भने कृषिखेतीको सिकाइका लागि घरेलु कृषि औजारसँगै सिकेका कुरा टिपोट गर्न कापीकलम बोकेर खेतबारीमा पुग्न थाल्नुभएको हो ।

गत पुसदेखि आनन्दबगरका २५ जनाले थापाले जस्तै गरी कृषि पढिरहेका छन्। बेनी नगरपालिकाले किसानलाई प्राङ्गारिक उत्पादनको ज्ञान, सीप र क्षमताको विकास गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन गरेपछि यहाँका किसान साप्ताहिक रूपमा खेतबारीमा सञ्चालन हुने पाठशालामा पढ्न पुग्छन् ।

आनन्दबगर आइपिएम कृषक पाठशालामा आबद्ध सदस्यले सामूहिक रूपमा गौँलभेडाखेती गरेका छन् । व्यावहारिक रूपमा उचित बीउको छनोट, नर्सरी र खेती गर्ने जमिनको व्यवस्थापन, बाली लगाउने तरिका, मलजल, गोडमेल र फल उत्पादन भएपछि टिप्नेसम्मका ज्ञान, सीप पाठशालामा सिकाउने गरिएको छ । पाठशालामा बीउ जमाउने र बिरुवा लगाउनेदेखि फल टिप्नेसम्मका ज्ञानका साथै रोगकीराको स्थानीय उपचारका बारेमा सैद्धान्तिक र व्यावहारिक ज्ञान सिक्ने अवसर मिलेको स्थानीय किसान सरिता बानियाँ खड्काले बताउनुभयो ।

"खेती गर्ने आधारभूत सीप सिक्नका लागि आइपिएम कृषक पाठशाला निकै प्रभावकारी भयो, रोगकीराको पहिचान र उपचारको तरिका र उपायसमेत सिक्यौँ", बानियाँले भन्नुभयो । यहाँका किसानलाई टनेल र खुला ठाउँमा गौँलभेडाखेती गर्न व्यावहारिक रूपमा तालिम दिइएको छ । पुसदेखि सुरू भएको पाठशालामा किसानले सामूहिक रूपमा लगाएको गौँलभेडा अहिले उपभोगयोग्य भएको छ । उत्पादन भएको गौँलभेडा पाठशालामा सहभागी किसानले बाँडेर उपभोग गर्ने र धेरै उत्पादन भएमा बिक्री गर्ने लक्ष्य लिइएको छ ।

बेनी नगरपालिका-४ डाँडाखेतको गौँलभेडाखेतीमा पनि आइपिएम कृषक पाठशाला सञ्चालन भइरहेको छ । यहाँका किसानले पनि तालिममा सिक्दै सामूहिक रूपमा लगाएको गौँलभेडा अहिले लटरम्म फलेका छन् । खेती गर्ने प्रविधि आधुनिक र रोगकीराको उपचार गर्न अर्ग्यानिक विधिबारे जानकारी पाएपछि यहाँका किसान उत्साहित भएका छन् । एउटा बाली विशेषमा किसानलाई निपूर्ण बनाउन आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको हो । खेतबारीमा सञ्चालन हुने पाठशालामा किसानको हातबाट बीउ जमाउन तथा बिरुवा रोप्न लगाउने र उनीहरूकै हातबाट गोडमेल र स्याहार गरेर फलेको फललाई उपभोग र बजारीकरणसम्मको काम हुने भएकाले यो पाठशाला निकै उपयोगी बन्दै गएको छ ।



बेनी नगरपालिकाले यस वर्ष वडा नं १ आनन्दबगरमा गौँलभेडा, २ गौश्वारामा काउली, ३ भकिम्लीमा अकबरे खुर्सानी, ४ डाँडाखेतमा गौँलभेडा, ६ डम्मरामा कोसेबाली सिमी, ५ पुलाचौर र ९ घतानमा आलुखेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरेको छ । हरेक बालीमा १८ देखि २२ हप्तासम्म किसानलाई खेतबारीमा व्यावहारिक र सैद्धान्तिक ज्ञान प्रदान गरिएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो । "पाठशालामा सहजकर्ताले विषादीरहित उत्पादन गर्न र खेतीबालीमा जैविक मलको प्रयोग बढाउन किसानलाई सिकाउनुभएको छ, नगरपालिकाले आइपिएम कृषक पाठशालालाई हरेक वर्ष फरकफरक ठाउँमा निरन्तरता दिँदै आएको छ, किसानलाई दक्ष बनाएर स्वस्थ बालीको उत्पादन गर्न यो कार्यक्रमले प्रेरित गर्ने अपेक्षा गरेका छौँ । रासस

# सागसब्जी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु ७०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ९५, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु ३१, गोलभेँडा सानो (टनेल) प्रतिकिलो रु ५०, आलु रातो भारतीय प्रतिकिलो रु ४४, आलु रातो (भारतीय) प्रतिकिलो रु ३५, आलु रातो (मुडे) प्रतिकिलो रु ३८, आलु सेतो प्रतिकिलो रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४३, गाजर (लोकल) प्रतिकिलो रु ६५, गाजर (तराई) प्रतिकिलो रु ५०, बन्दा (लोकल) प्रतिकिलो रु ३०, काउली स्थानीय प्रतिकिलो रु ८०, मूला रातो प्रतिकिलो रु ५०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २०, भन्टा लाम्चो प्रतिकिलो रु २५, भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडी प्रतिकिलो रु ३०, मकै बोडी प्रतिकिलो रु ५० कायम भएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु १५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५५, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ४०, रहेको छ । रासस

## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको. ३५. दिने सार्वजनिक सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स.पतौरा वार्ड नं.६ हाल मौलापुर न.पा.५ मा बस्ने महिन्दर राउत कुर्मीले रुदल राउत कुर्मी मरी हक खाने खजान्ची राउत कुर्मीको नाममा पर्ने नापनक्सा भएको जि.रौ. गा.वि.स. मर्यादपुर वडा नं.९ कि.नं.२१४ को ०-२-१४ जो अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा एकलौटी दा.खा. नामसारी गरी पाउँ भनि दर्ता ३३८८ मिति २०८१/१०/१३ गतेको माग निवेदन । भाग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. मर्यादपुर वडा नं.९ कि.नं. २१४ को ०-२-१४ को जगाको मोठ श्रेस्तामा जग्गाधनीको नाम रुदल राउत कुर्मी मरी हक खाने खजान्ची राउत कर्मी वतन मौलापुर, वार्ड नं. उल्लेख नरहेको र यसमा दा.खा. बाँकी उल्लेख रही मोठ कायम रोक्का नदेखिएको भनि लेखि आएको देखिन्छ । मौलापुर न.पा.२ को च.नं.५३२ मिति २०८१/९/२६ गतेको पत्रबाट जिल्ला रौतहट साविक.गा.बि.स. पतौरा वार्ड नं.६ हाल मौलापुर न.पा.५ मा बस्ने रुदल राउत कुर्मी आफनो कालगतिले २०२२ सालमा र निजको एकमात्र श्रीमति खेदिया देवी २०२४ सालमा प्रलोक भई निजहरूको कोखबाट कुनै छोरा-छोरीको जन्म नभई रुदल राउत कुर्मी मरी हक खाने खजान्ची राउत कुर्मीको नाममा सर्वेनापनक्सा भएको जि.रौ. गा.वि.स. मर्यादपुर वडा नं.९ कि.नं. २१४ को ०-२-१४ को जग्गाको मोठ श्रेस्ता कायम रही खजान्ची राउत कुर्मी आफनो कालगतिले मिति २०४१/०१/०४ गते र निजको एकमात्र श्रीमति जलेश्वरी देवी २०२८ सालमा प्रलोक भई निजहरुको शेषपछि हक खाने एकमात्र छोरा महिन्दर राउत कुर्मीको नाममा नामसारी गर्न सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयानमा निबेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यविधि २०६२ को भाग ३ परिच्छेद १ को दफा १.९.१.ङ बमोजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाषित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा. नामसारी, भै जाने व्यहोरा -यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. ढल्केवर शाखाको २१ दिने सुचना

(सूचना प्रकाशित मितिः-२०८२।०३।०७)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम :- श्री कृषि विकास बैक लि. शाखा कार्यालय ढल्केवर, धनुषा**

| क्र.सं | ग्राहकको नाम(फर्म र प्रोपराईटको नाम/कम्पनी तथा संचालकको नाम) | फाइल न. | आई.डी.नं. | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | साँवा रकम रु | मिति २०८२/०२/३१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अजय कुमार गिरी | १०१७७ | ६८०८७६ | बालकृष्ण गिरी | गणेश गिरी | क्षि.न.पा ५ | घरायसी | ५००००० | ४०५६० | ५४०५६० |
| २ | अमरेस किराना पसल/प्रो.अच्छेलाल महतो | १०७२६ | १५६०७६० | दोरीक महतो | बचकन महतो | मिथिला न.पा. ६ | व्यापार | ३१४८००० | ४९५३६० | ३६४३३६० |
| ३ | राम सोगारथ महतो | १०६१२ | १२८१५२१ | राम उदगार महतो | मोहन महतो कोइरी | बतेश्वर १ | सरल कृषि कर्जा | ८५०००० | २७५६१ | ८७७५६१ |
| ४ | चन्देश्वर यादव | १०४४८ | १०८०३०३ | सर्जूक यादव | संगोली यादव | लवटोली ९ | घरायसी | १०००००० | ४१४८५ | १०४१४८५ |
| ५ | देव कुमार श्रेष्ठ | १०९०१ | १९३३७५६ | कृष्ण बहादूर श्रेष्ठ | सेरमान श्रेष्ठ | मिथिला न.पा. ९ | सरल कृषि कर्जा | ३६२५००० | ३३७२६४ | ३९६२२६४ |
| ६ | देव सूनैर देवी राउत गडेरी | ११०४७ | ५४३४१३१ | कूसूम देव राउत | हरिलाल राउत | ढल्केवर ९ | सरल कृषि कर्जा | १५०००००० | ५५५०० | १५५५५०० |
| ७ | देवी कूमारी थापा | १११३४ | ५४६८३१३ | ढक बहादुर | अमर बा थापा | ढल्केवर १ | सरल कृषि कर्जा र घरायसी | २५०००००० | १३०३८५ | २६३०३८५ |
| ८ | गूण बहादूर थापा क्षेत्री | १०३२८ | ६८१३४० | जय बहादूर थापा क्षेत्री | दम्बर बहादूर थापा | गोदार ८ | स्थीर कर्जा | १७०००००० | २९६१०० | १९९६१०० |
| ९ | हिरा देवी शाह लअरीन | १०९७२ | ५३५४९९७ | निरशन महतो | फाकीर शाह | मिथिला न.पा. ६ | घडेरी खरिद कर्जा | १५०००००० | ६१५०० | १५६१५०० |
| १० | जगजिवन महतो | १०६८६ | १५३२९७१ | देव नारायण महतो | कलर महतो | मिथिला न.पा. १ | घरायसी | ९५०००० | ८०६२० | १०३०६२० |
| ११ | जितेन्द्र किराना पसल /प्रो.महेन्द्र शाह | १०३४७ | ६८१३६५ | सोने लाल शाह | पञ्चू शाह | मिथिला न.पा. ९ | व्यापार | ७००००० | ३८५६६ | ७३८५६६ |
| १२ | किरण कूमार कमिनी | ७३५५ | ६८१०७७ | रंग लाल कामी | मान बहादूर कामी | मिथिला न.पा. ३ | सरल कृषि कर्जा | २५०००० | २७००० | २७७००० |
| १३ | मनोहर साह रौनियार | ११०८९ | ५४५४६७३ | राम विलास साह रौनियार | काली रौनियार | महेन्द्र नगर ३ | सरल कृषि कर्जा | ८००००० | ४५४३४ | ८४५४३४ |
| १४ | नवल शाह | ९९३० | ६८०१८३ | चन्द्र शेखर साह तेली | सर्जुगा साह | मिथिला न.पा. ४ | सरल कृषि कर्जा | १२०००००० | ३९२६८ | १२३९२६८ |
| १५ | जिवछ महतो | ९१०६ | ६८०६२१ | सिताराम महतो | विलास महतो | बद्देश्वर गा. पा. १ | सरल कृषि कर्जा | १०००००० | ४०२५२ | १०४०२५२ |
| १६ | न्यु विश्वकर्मा फर्निचर उद्योग/प्रो पपू कूमार महतो | १०८८७ | १९११००३ | राजेन्द्र महतो | गंगाइ महतो | मिथिला न.पा. ६ | स्थीर कर्जा | १३०००००० | ११५९०० | १४१५९०० |
| १७ | न्यु दुर्गा किराना पसल /प्रो श्री नारायण महतो | १०६६५ | १३३६६६३ | बूधन महतो | त्रिलक महतो | मिथिला न.पा. ८ | स्थीर कर्जा | ९९०००० | १८०१३३ | ११७०१३३ |
| १८ | न्यु राज किराना भडणर /प्रो सेवसती देवी सहनी मालह | १०७६१ | १६८८०१५ | देवू सहानी मालह | विलत मालह | मिथिला न.पा. ६ | स्थीर कर्जा र व्यापार | २३४२००० | ४२११०० | २७६३१०० |
| १९ | चन्द्र कूमार चौधरी कायष्थ | ११२४७ | ५५०३७१४ | दशरथ लाल चौधरी कायष्ठ | बूनी लाल चौधरी | संखूवा महेन्द्र न.पा. ६ | सरल कृषि कर्जा | १५०००००० | ५२१०० | १५५२१०० |
| २० | न्यु स्टार होटल /प्रो नाइम मिया | १११२५ | ५४६९०१७ | बसिरा खातून | खल्तित मिया | गणेशमान चारनाथ न.पा.१ | व्यापार | १७०००००० | ४७२०० | १७४७२०० |
| २१ | पबन गाई भैंसी फार्म | १०७६५ | १६८८६८४ | जिबन बरैत यादव | पूयगी बनरत यादव | धनूषाधाम ८ | सरल कृषि कर्जा | १७०००००० | ८७१२० | १७८७१२० |
| २२ | फरेस महतो कोइरी | १८१० | ६८२१४२ | राम गूलाब महतो | भगत महतो | मिथिला ८ | सरल कृषि कर्जा | १०००००० | २७००० | १०२७००० |
| २३ | प्रकृति किराना पसल /प्रो.प्रमोद कूमार लामा | १०९०३ | १९४४५४३ | कृष्ण बहादूर तामांग | इमान सिंह | बटेश्वर गा. पा. २ | व्यापार किस्ता | ३०००००० | १७८०२० | ३१७८०२० |
| २४ | पुर्ण बहादूर हेन्जेन | १०५४८ | १२०७२०८ | चक्र बहादूर हेनजेन | इनद्र ब. हेनजेन | मिथिला ८ | स्थीर कर्जा | ९९०००० | १४१७०० | ११३१७०० |
| २५ | राजेश्वर महतो कोइरी | ९९६४ | ६८०२४८ | हरिलाल महतो | नन्द लाल महतो | नक्टाभिज ७ | सरल कृषि कर्जा | ९९०००० | ३६९०० | १०२६९०० |
| २६ | राम दयाल राउत | ५५०९ | ६८१०७० | सिताराम राउत | शिव नन्दन राउत | मिथिला ३ | सरल कृषि कर्जा | १६५०००० | १८२९०० | १८३२९०० |
| २७ | राम जानकी रेडिमेट /प्रो.शशी कूमार महतो | १००२५ | ६८२७९८ | राजेन्द्र प्रसाद महतो | लक्ष्मण महतो | मिथिला ५ | व्यापार | १७४०००० | ९१५०० | १८३१५०० |
| २८ | राम प्यारी देवि | १०७२० | १५६११५७ | असर्फि महतो | गरिब महतो | मिथिला ६ | व्यापार | ९००००० | ७०७०० | ९७०७०० |
| २९ | रमेश कूमार महतो | १०३०३ | ५४७९२४७ | रगू महा कोइरी | नारायण महतो | बतेश्वर २ | सरल कृषि कर्जा र घरायसी | २५०००००० | १४६८०० | २६४६८०० |
| ३० | एस. वाइ कन्सट्रक्सन एण्ड कैलाशपति | १०५४४ | ११७८५५८ | रन देव यादव | गणपत यादव | मिथिला ६ | स्थीर कर्जा | ९९०००० | १७६३७५ | ११६६३७५ |
| ३१ | सचिन मिठाई पसल | १०७१५ | १९६८६२२ | राजेश्र महतो कोइरी | हरिलाल महतो | नक्टाभिज ५ | स्थीर कर्जा | १६५०००० | १३१००० | १७८१००० |
| ३२ | संगीता कूमारी थापा मगर | १११०० | ५४६०८५७ | तक बहादूर थापा मगर | शाँतिमान थापा मगर | भरतपूर ३ | सरल कृषि कर्जा र घरायसी | ३०००००० | ८०००० | ३०८०००० |
| ३३ | संजय मेस्तर | १०७१६ | १४२७४६९ | रतन मिसतार | जिवाची मिसतार | चिरेश्वरनाथ ६ | स्थीर कर्जा | ९२५००० | ५९७०० | ९८४७०० |
| ३४ | शम्भु माछा पालन फर्म | १०६६३ | १३३८९३९ | मातर सहानी | फोचैड सहानी | धनूषाधाम ६ | सहूलियत कर्जा | २३८५००० | २५४९१० | २६३९९१० |
| ३५ | शिवा जेनरल स्टोर /प्रो सूनिता देवी तत्मिनी | १०९२७ | १९५७४९४ | दिनेश दास | गोपाल दास | मिथिला १ | स्थीर कर्जा | ११५५००० | १९३४५० | १३४८४५० |
| ३६ | श्याम कूमार बस्नेत | १०९३२ | ११०४५२० | नैना बहादूर बस्नेत | कर्ण बहादूर बस्नेत | बेंगाडाबर ८ | सरल कृषि कर्जा | १६५०००० | १६४१०० | १८१४१०० |
| ३७ | श्याम कूमारी मगर | १०९२९ | ५००३८७१ | शिक बहादूर मगर | मकर बहादूर मगर | मिथिला ५ | सरल कृषि कर्जा | ८२५००० | ९६१०० | ९२११०० |
| ३८ | लरुबती देवी यादव | १०५६४ | १२१८९७७ | बाबूलाल महतो | भूमक महता् | भूइभक्रपूर ५ | सरल कृषि कर्जा | ४००००० | ३४००० | ४३४००० |
| ३९ | मनोज शाह | ११०११ | ५४१५६१८ | बिल्टू शाह | लक्ष्मी शाह | उमाप्रेमपूर २ | सरल कृषि कर्जा | १०००००० | २६३०० | १०२६३०० |
| ४० | राम कूमार सिं | १०३४० | ६८१३६३ | दूर्गा नन्द सिंह | जय लाल सिं | बतेश्वर गा. पा २ | सरल कृषि कर्जा | १४९५००० | ८१७४४।८२ | १५७६७४४।८२ |
| ४१ | यम बहादूर पाटा मगर | १०६९८ | १५२९५४७ | शान्ता बहादूर पाटा मगर | मरकत सिं | गणेशमान चरनाथ न.पा. ५ | सरल कृषि कर्जा | ९५०००० | ३३४७६।८६ | ९८३४७६।८६ |
| ४२ | असफि भिन्वार यादव | ९०६६ | ६८१३५६ | राम लोचन भिन्वार यादव | मल्हर भिन्वार यादव | धनूषाधाम न. पा ९ | सरल कृषि कर्जा | ९००००० | ३७८३६।३४ | ९३७८३६।३४ |
| ४३ | भरतपूर कन्सट्रसन प्रा.लि प्रो. मनोज कूमार शाह | १०४५० | १०८३८२० | बेचन शाह | संगम शाह | भरतपूर १ | व्यापार कर्जा | २९७०००० | १००६००।४ | ३०७०६००।४ |
| ४४ | ढल्केवर लिकोएस प्रो. शूशिला कूमारी महतो | १०७२४ | १५५१५७८ | राम कृपाल महतो | बउया लाल महतो | मिथिला न.पा ५ | व्यापार कर्जा | ३५००००० | १८६९३२।८१ | ३६८६९३२।८१ |
| ४५ | उत्तम पोलिकिनिक प्रो. मुन्द्रीका प्रसाद पटेल | ३७० | ६८२३७४ | राम नारायण पटेल | अमिर सिं पटेल | गणेशमान चारनमथ ४ | सेवा कर्जा | १९०००००० | ८५६४९।७८ | १९८५६४९।७८ |
| ४६ | किरण रेडिमेट स्टोर प्रो राज किशोर महतो कोइरी | १०३३३ | ६८१३४७ | राम प्रसाद महतो कोइरी | लालधारी महतो | मिथिला न.पा ५ | व्यापार कर्जा | ४२००००० | २०४६०८।१ | ४४०४६०८।१ |
| ४७ | सूनिल कूमार महतो | ११३६९ | ५५२४६८५ | श्री जगदेव महतो कोइरी | श्री दयाराम महतो | बेंगाटाबर ९ | सरल कृषि कर्जा | १९०००००० | ४४५७३।१ | १९४४५७३।१ |
| ४८ | जोगेन्द्र यादव | १०६४५ | १३१९०८७ | राम किसुन यादव | महेश्वर यादव | धनूषाधाम न.पा ६ | सरल कृषि कर्जा | ३००००० | १२२३५।६ | ३१२२३५।६ |
| | | | | | | | जम्मा : | ७५६२०००० | ५५३९५२०।८१ | ८११५९५२०।८१ |

**कृषि बिकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय जनकपुर**

# ‘बजेट पैतृक सम्पत्तिजस्तो गरी वितरण गरियो’

टुडे समाचारदाता

जनकपुरधाम । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य प्रभु साहले सरकारले बजेट पैतृक सम्पत्तिजस्तो गरी वितरण गरेको बताएका छन् ।



प्रतिनिधिसभाको बैठकमा शुक्रबार बोल्दै उनले विनियोजित बजेटप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनले जनताको पसिनाबाट तिरिएको करलाई समान रूपमा विनियोजन नगरिएको भन्दै आपत्ति जनाए ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले भने, ‘आज सरकारी बजेट निजीजस्तो भएको छ । जनताले तिरेको कर पसिना हो कि नेताज्यूहरूको पैतृक सम्पत्ति हो भन्ने प्रश्न खडा भएको छ । जसरी पैतृक सम्पत्तिलाई परिवारको सदस्यहरूले भागबन्डा गर्छन्, त्यसैगरी नेताज्यूहरूले भागबन्डा गरेर दुरुपयोग गरिरहेका छन् । किन समान वितरण भएन ? अहिले सबै मन्त्रालयको हेर्ने हो भने त्यही हालत छ ।’ उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट विनियोजनप्रति असन्तुष्टि व्यक्त गरे । उनले भौतिक मन्त्रालयको विनियोजित रकम एक खर्ब ५१ अर्ब रहेको र त्यसलाई १६५ निर्वाचन क्षेत्रमा बाँड्दा ९१ करोडभन्दा एक निर्वाचन क्षेत्रले पाउने बताए । यसरी बजेट पाउने हक ती क्षेत्रका जनतालाई हुने उनको भनाइ छ । ‘मेरो क्षेत्रको त्यो हक होला नि ? सबै क्षेत्रका जनताको त्यो समान हक होला नि ? किन परेन ? के त्यो क्षेत्रमा सडक आवश्यक छैन ?’ प्रश्न गरे ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई जनताले तिरेको राजश्व फिर्ता गर्न सुझाए । जनताको प्रधानमन्त्री बन्नेहरूले यो हदसम्मको बेइमानी गर्न नहुने उनको भनाइ छ । ‘थोरै पनि लाज लाग्छ प्रधानमन्त्रीलाई भने त्यहाँको जनताको राजश्व फिर्ता गर्नुस् । त्यहाँको जनताको तपाईं प्रधानमन्त्री होइन । त्यहाँको मन्त्री पनि होइन । यदि तपाईं सबैको हो भने किन बेइमानी गर्नुभयो ?’ प्रश्न गर्दै नेता साहले भने ।

त्यस्तै यातायातमा वृद्ध, वृद्धा र विद्यार्थीहरूलाई काठमाडौंमा मात्रै छुट उपलब्ध गराइएको उनले बताए । काठमाडौं बाहिरका नागरिकहरूले पनि यातायातमा छुटको सुविधा पाउनुपर्ने उनले बताए ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले सरकारी उद्योगहरू घाटामा हुने र निजी उद्योगहरूले चाहिँ कर तिर्नुपर्ने अवस्था रहेको बताए । सरकारी उद्योगहरू सबै घाटामा जाँदा निजी उद्योगसँग कर लिनु उचित नहुने उनको भनाइ छ ।

उनले भने, ‘म दुई तिहाइको सरकारलाई सोध्न चाहन्छु- तपाईंहरूले खोलेको सरकारी उद्योग घाटामा छ । तपाईंहरूले चलाएको ट्रेन घाटामा छ, तपाईंहरूले उडाएको प्लेन घाटामा छ ।

सरकारले घाटा गरिराख्न निजी कारोबार गर्ने व्यवसायीसँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ? यदि सरकारको उद्योगमा घाटा छ भने व्यक्तिको उद्योगसँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ? सरकारी हवाई क्षेत्रमा घाटा गरिराख्दा निजी एयरलाइन्ससँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ?’

# मधेशको बजेटमा अन्नदाताहरूलाई उपेक्षा

ब्लग :



श्यामसुन्दर शशि

मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को बजेटको बुँदा नम्बर- ४ मा उल्लेख छ- ‘आत्मनिर्भर र समृद्ध मधेश निर्माणको लक्ष्यलाई साकार पार्न, देश र मधेश प्रदेशमा रहेका वर्तमान आर्थिक चुनौतीहरुलाई सामना गर्दै, कृषि क्षेत्रलाई मधेश प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रुपमा सशक्त बनाउने दिशामा बजेट लक्षित गरिएको छ ।’

बजेटमार्फत कृषि क्षेत्रलाई प्राथमिकता मात्र दिइएको छैन, पारम्परिक र निर्वाहमुखी खेती प्रणालीलाई विस्थापित गर्दै क्रमशः व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने निजी तथा सार्वजनिक लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना र उच्च आर्थिक वृद्धि हासिल गर्ने तर्फ बजेट केन्द्रित रहेको उद्घोष पनि गरिएको छ ।

बजेट मार्फत कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार तथा फिड द नेशन लगायतका लोक लोभावन नारा पनि दिइएको छ । यसरी बजेट पढ्दा र सुन्दा मधेश सरकारले अन्नदाता किसानहरुको पेशा अर्थात् कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ, तर बजेटको भित्री पाटो भने अन्नदाताहरुलाई निरास बनाउने छन् । समग्रमा भनौं भने अन्नको भकारी भनिने मधेश प्रदेशको बजेटले कृषि क्षेत्रलाई उपेक्षा गरेको छ । धान, गहुँ, मकै, कोदो जस्ता खाद्यान्न, आलु, प्याज, काउली, बोरीजस्ता तरकारी, आँप, लिची, अम्बा, केला जस्ता फलफूल तथा माछामा मधेश मात्र होइन, नेपाल आत्मनिर्भर हुन सक्दैन । मधेशको उत्पादनले सिंगै नेपाललाई खुवाउन सकिन्छ, तर फिड द नेशनको नारालाई मधेश प्रदेशको नीति तथा कार्यक्रम र बजेटबाट कार्यान्वयन गर्न कठिन छ । यस विषयलाई विश्लेषण गर्न चालु आर्थिक वर्ष र प्रस्तावित आर्थिक वर्षको बजेटसंग तुलना गरेर हेरौं ।-

चालु आर्थिक वर्ष अर्थात २०८१/०८२ मा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि २ अर्ब ९७ करोड १९ लाख बजेट विनियोजन गरिएको थियो । तर प्रस्तावित २०८२/८३ को बजेटमा यसमा कटौती गरी २ अर्ब ८३ करोडमा झारिएको छ । यसै गरी कृषिको मेरुदण्ड मानिएको उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयको बजेटमा पनि व्यापक कटौती गरिएको छ । चालु आर्थिक वर्षमा यस मन्त्रालयको बजेट ५ अर्ब १७ करोड थियो । तर प्रस्तावित बजेटमा उर्जा सिचाँई तथा खानेपानी मन्त्रालयको बजेट ४ अर्व ४१ करोडमा झारिएको छ । यस प्रकार सिंगै देशलाई खाना खुवाउने लक्ष्य लिएको मधेश सरकार कृषि तथा सिंचाई मन्त्रालयको बजेट कटौती गरेर घोषित प्राथमिकता र लक्ष्यलाई बेवास्ता गरेको प्रष्ट हुन्छ ।

कृषि आजसम्म ‘भगवान भरोसे....’ चल्दै आएको पारम्परिक पेशा हो । यो पेशा निर्वाहमुखी भए पनि पुस्तैनी काम भनेर आजका पुस्ताले जोगाई राखेका छन् । पहिलेका बुढा-पाकाहरु खेतीलाई उत्तम व्यावसाय मानेका थिए । जो आज निर्वाहमुखी बन्न पुगेको छ । इन्द्र भगवानको कृपाले समयमा वर्षा भयो भने राम्रो उत्पादन हुने, समयमा वर्षा नहुँदा अनिकाल पर्ने, संघीय सरकारले समयमामल-बीउको आपूर्ति गरी दिंदा बाली सप्रिने, नगर्दा बिग्रिने नेपाली किसानहरुले भोग्दै आएको पिडा हो । यसका अतिरिक्त राम्रो उत्पाद नहुँदा कृषि उपजको मूल्य घटने अनि उत्पादन कम हुँदा मूल्य बढ्ने नेपाली



बजारको नियती हो । यी र यस्ता सवालहरुको सम्बोधन मधेशको बजेटले गर्न सकेको छैन ।

मधेश सरकारले आगामी आर्थिक वर्षको लागि ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट प्रस्तुत गरेको छ । जो चालु आर्थिक वर्षको तुलनामा ६ दशमलव १ प्रतिशतले अधिक छ । विनियोजित बजेटको ३५.८९ प्रतिशत अर्थात् १६ अर्ब ७२ करोड ५ लाख १७ हजार चालु (कर्मचारीको तलब, भत्ता, इन्धन, गाडी, मसलन्द, सामाजिक सुरक्षा भत्ता आदिमा) खर्च हुने तथा ६४.११ प्रतिशत अर्थात् पुँजीगत अर्थात् ३० अर्ब २६ करोडको २८ लाख ३४ हजार बजेट पूजीगत (विकास निर्माण) तर्फ विनियोजन गरेको छ । प्रस्तावित बजेट चालु आर्थिक वर्ष भन्दा ६.१ प्रतिशतले बढी भए पनि कृषि र सिंचाई मन्त्रालयको बजेट घटाउनुको कारण अन्नदाता किसानहरुले बुझ्न चाहेका छन् ।

बजेटमा भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १५ अर्ब ८८ करोड, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ६ अर्ब ४५ करोड, शिक्षा तथा संस्कृती मन्त्रालयतर्फ ३ अर्ब ५७ करोड, उद्योग बाणिज्य तथा पर्यटन मन्त्रालयलाई ३ अर्ब ८ करोड, वन तथा वातावरण मन्त्रालयलाई २ अर्ब ३७ करोड, खेलकुद तथा समाजिक कल्याण मन्त्रालयलाई १ अर्ब ६८ करोड विनियोजन गरिएको छ । विनियोजित बजेट यस पछिका बजेटहरुको निरन्तरता मात्र हो । मधेश सरकारले प्रस्ताव गरेको नीति तथा कार्यक्रममार्फत प्रस्तुत गरेका प्राथकिता र लक्ष्य अनुरुप होइन । सरकारको नारा छ- ‘खेत-खेतमा पानी, घर-घरमा खाद्यान्न सहित आम्दानी ।’ सुन्दा यो नारा कर्णप्रिय लाग्छ, तर यो नारा त्यतिबेला मात्र कार्यान्वयन हुन सक्छ, जतिबेला नारा अनुसारको बजेट विनियोजन हुन्छ ।

किसानहरुको पिडासंग सम्बन्धित एउटा सानो कथा साझागर्न चाहन्छु । साँझ ७ देखि ८ बजेसम्म मैले रेडियोमा संचालन गर्ने कार्यक्रममा पूर्वी धनुषास्थित धबौलीका गुरुदयाल दासले फोन गर्नु भयो । दास अवकाश प्राप्त कृषि प्राविधिक हुन् । अचेल खेती गरेर गाउँमै बसेका छन् । लाइभ वार्तालापमा सामान्य औपचारिकता पछि मैले सोधेको थिएँ- ‘की सभ भऽ रहल छै ?’ उनी जवाफ फर्काउनु भयो- ‘घिउरा काटिक सानी भैर रहल छी ।’ उनले मजाक गरे जस्तो लाग्यो । म केही बोल्नु भन्दापहिले उनले नै बोल्न शुरु गर्नु भयो- ‘की कैरतीऐ....यदुकुहा बजारपर १० रुपैएँ किलो घिउरा बिकाइ छलै । भरि दिन हरानहुअ सनीक जे कुटी काटिक माल-जालके खिया देबै ।’

जुनदिन यदुकुहा बजारमा घिरौला १० रुपियाँ किलो बिक्री भइ रहेको थियो, त्यो दिन जनकपुरधाम बजारमा घिरौलाको मूल्य २५ रुपियाँ किलो र काठमाण्डुमा ४० रुपियाँ किलो । तीन तहका सिंह दरबारे सरकार गाउँमा फलेका तरकारी जनकपुरधाम वा काठमाण्डुको बजारसम्म पुर्‍याउने व्यवस्था गरी दिएको भए, त्यो अन्नदाताले श्रम र पूंजी लगाएर फलाएको घिरौला माल-जालालाई खुवाउँनु पर्दैन्थ्यो । उपभोक्ताले पनि सस्तोमा तरकारी खान पाउने । आफ्नो उत्पादनको उचित मूल्य पाएर मक्ख पर्थे । तर कठै ! सडक, पोखरी सौन्दर्यकरण, मठ-मन्दिर र मदरसा निर्माण तथा मर्मतमा बजेट खन्याउने मन्त्रीजीहरु अन्नदाताको पिडा बुझ्न सकेका ?

# दुई न्यायाधीश न्याय परिषद्मा तानिए

टुडे समाचारदाता

वीरगञ्ज । रौतहटका पूर्वसांसद तथा पूर्वमन्त्री मोहम्मद अफताब आलमलाई सफाइ दिने उच्च अदालत जनकपुरको वीरगञ्जको अस्थायी इजलासका दुई न्यायाधीश खुसीराम थारु र अर्जुन महर्जनलाई न्याय परिषद्ले तानेको छ ।




दुवै न्यायाधीशविरुद्ध न्याय परिषद्मा उजुरी परेपछि परिषद्को बिहीबार बसेको बैठकले उनीहरूलाई तत्काल कार्यक्षेत्रबाट हटाउँदै एक सदस्यीय छानबिन समिति गठन गरेको हो । परिषद्का एक सदस्यका अनुसार, अनुसन्धान सम्पन्न नहुँदासम्म दुवै न्यायाधीशलाई जिम्मेवारीबाट मुक्त गरिएको छ ।

यसअघि न्याय परिषद्की वरिष्ठतम् सदस्य सपना प्रधान मल्लले दुवै न्यायाधीशको सुरक्षालाई ध्यानमा राख्दै परिषद्मा तान्नु पर्ने प्रस्ताव राखेकी थिइन् । तर उक्त प्रस्तावमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले असहमति जनाएका थिए ।

स्रोतअनुसार कानुनमन्त्री चौरसियाको न्यायाधीशहरूलाई परिषदमा तान्ने निर्णयप्रति असन्तुष्ट थिए र निर्णय पछि स्पष्ट रूपमा रुष्ट बनेका छन् ।

सो विवादास्पद फैसला पछि नेकपा (बहुमत) का कार्यकर्ताहरूले अदालतको इजलासमै प्रवेश गरी न्यायाधीशथारु र महर्जन माथि कालोमोसो छ्यापेर अपमान गरेका थिए । सो घटनाले न्यायपालिका र सरकारबीचको सम्बन्धमा थप तनाव उत्पन्न गराएको छ ।

अफताब आलममाथि रौतहट जिल्ला अदालतले २०६४ सालमा भएको ईंटाभट्टा हत्याकाण्डमा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो। तर, उच्च अदालत जनकपुरको अस्थायी इजलासले जेठ १४ गते आलमलाई प्रमाणको अभाव भन्दै सफाइ दिएको थियो ।

सो निर्णयपछि मृतक पिन्टु त्रिलोक सिंहका पिता श्रीनारायण सिंहले समेत न्याय परिषद्मा दुवै न्यायाधीशविरुद्ध उजुरी दिएका थिए । यही उजुरीको सिलसिलामा न्याय परिषद्ले छानबिनको प्रक्रिया अघि बढाएको छ ।

यस घटनाले न्यायपालिकाको निष्पक्षता र विश्वसनीयता सम्बन्धी गम्भीर बहस जन्माएको छ । साथै, कानुन मन्त्री चौरसियाको असहमति बावजुद परिषद्को कठोर निर्णयले सरकार र न्यायपालिका बीचको सम्बन्धमा चिसोपन झनै बढाएको देखिएको छ ।

यता प्रतिनिधिसभाका स्वतन्त्र सांसद अमरेशकुमार सिंहले कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियामाथि न्यायपालिकामा हस्तक्षेप गरेको गम्भीर आरोप लगाएका छन्। उनले मन्त्री चौरसियाको मोबाइल कल विवरण (कल डिटेल) सार्वजनिक गर्न माग गरेका छन् ।

सांसद सिंहले मन्त्री चौरसियाले विभिन्न मुद्दामा न्यायाधीशहरूमाथि प्रभाव पार्ने प्रयास गरिरहेको दाबी गरे ।

सांसद सिंहले संविधान विपरीत न्यायिक प्रक्रियामा हस्तक्षेप गर्ने काम भएको आरोपसमेत लगाए । सांसद सिंहले भने आफुले उठाएका आरोपको प्रमाण नभए आफू सांसद पदबाट राजीनामा दिन तयार रहेको चुनौती पनि संसद्मा दिएका छन् ।

सिंहको अभिव्यक्तिले संसदभित्र कानुन मन्त्रीको भूमिकाबारे गम्भीर बहस उत्पन्न गराएको छ ।

# जसपा संघीय परिषद्को बैठक शुरु

टुडे समाचारदाता

काठमाण्डु । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)को संघीय परिषद्को बैठक शुरु भएको छ । शुक्रबारदेखि ललितपुरमा शुरु भएको बैठक शनिबार सम्म चल्ने जनाइएको छ ।

सो बैठकमा जसपा संघीय परिषद्का संयोजक राजेन्द्र श्रेष्ठले ‘समाजवादको नेपाली बाटो : संघीय समाजवादी पार्टी नीति तथा कार्यक्रम’ सम्बन्धी राजनीति प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

सो प्रस्तावमाथि परिषद्का सदस्यहरूले आ-आफ्नो धारणा राख्ने बताइएको छ । संघीय परिषद् ४१३ सदस्यीय रहेको छ। २०८१ वैशाखमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालबाट अलग भएर अशोक राईले जसपा गठन गरेका थिए ।

नयाँ पार्टी बनेपछि जसपाको यो पहिलो संघीय परिषद् बैठक बसेको छ ।

# राराब क्याम्पसमा विवाद हुँदा दुई विद्यार्थी पक्राउ




टुडे समाचारदाता

जनकपुरधाम । रामसागर रामस्वरूप बहुमुखी (राराब) क्याम्पसमा विवाद हुँदा दुई जना विद्यार्थीलाई प्रहरीले पक्राउ गरेको छ । राराब स्ववियुका निवर्तमान सभापति मनिष यादव र चमनप्रसाद गोइत पक्राउ परेका छन् ।

सो क्याम्पसमा बीबीएस तेस्रो वर्षका विद्यार्थीलाई परीक्षा प्रवेश पत्र बाँड्न ढिलाइ भएपछि क्याम्पस प्रमुख वसन्तकुमार कर्णसँग विद्यार्थी नेताको एक समूहले विवाद गरेका थिए । धनुषा प्रहरीले विवाद साम्य पार्न खोज्दा विद्यार्थी नेताहरुले उनीहरूसँग अभद्र व्यवहार गरेको धनुषा प्रहरीका डीएसपी वरुणबहादुर सिंहले जनाए । डिएसपी सिंहका अनुसार विद्यार्थी नेताहरुले प्रहरी निरीक्षक जिवछ सिंहको औंला भाँच्चिएको छ ।

जारी परीक्षाको क्रममा तीन जना विद्यार्थीहरुको प्रवेशपत्रमा त्रुटि देखिएको विषयमा विवाद हुँदा निवर्तमान सभापति यादवसहितका विद्यार्थी नेताहरुले क्याम्पस प्रमुखलाई दुव्यर्वहार गरेका थिए । विवाद साम्य पर्न पुगेका प्रहरीहरु माथि पनि विद्यार्थी नेताहरु जाइलागेपछि दुई जना विद्यार्थी नेतालाई पक्राउ गरिएको थियो ।

विवादको क्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक जिवछ सिंहको दाहिने हातको एउटा औला नै भाँचेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका विद्यार्थी नेताहरुलाई जिल्ला प्रहरी कार्यालय धनुषामा राखिएको छ ।

# बीपी राजमार्गमा राति सवारी चलाउनमा रोक

टुडे समाचारदाता

जनकपुरधाम । बीपी राजमार्गमा हुने जोखिमलाई मध्यनजर गर्दै (खुर्कोट र काभ्रेभञ्ज्याङ सडक खण्ड ) मा आगामी १५ दिन रातिको समयमा सवारी चलाउन अन्तरजिल्ला सुरक्षा समन्वय समितिले रोक लगाउने निर्णय गरेको छ ।



शुक्रबर बसेको काभ्रे, सिन्धुली र रामेछापका अन्तरजिल्ला सुरक्षा समन्वय समितिको बैठकबाट रातको समयमा गाडी चलाउन रोक लगाउने निर्णय गरेको रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए ।

उनले दिएको जानकारी अनुसार साँझ साढे ६ बजेदेखि बिहान ५ बजेसम्म मालवाहक गाडी बाहेक अन्य सवारी साधन चल्न रोक लगाउने निर्णय भएको हो । यसबारे विस्तृत सूचना सडक डिभिजन कार्यालयले निकाल्नेछ ।

प्रमुख जिल्ला अधिकारी थापाले सडकले सम्भवतः आइतबारदेखि लागु हुनेगरी सो सूचना प्रकाशित हुने बताए । सो समितिले काठमाण्डुबाट जाने सवारी काभ्रे भञ्ज्याङमा राख्ने र काठमाण्डु तर्फजानेलाई सिन्धुलीको खुर्कोटमा रोक्ने निर्णय गरेको छ ।गत असोजमा गएको बाढीपहिरोले सो राजमार्गमा क्षति भएको थियो ।

सूचना ! सूचना !! सूचना !!!

प्रिय,

रौनियार सेवा समिति, रौनियार युवा मञ्च सहित सम्पूर्ण स्वजाति बन्धु समितिको स्वीकृत विधान अनुसार रौनियार सेवा समिति हालको अवस्थामा संरक्षकहरुले जिम्मा लिएर अगामि कार्यदिश र नयाँ नेतृत्व चयनका लागि गहन विर्मश गर्नुपर्ने भएकाले २०८२ असार ७ गते शनिवार बिहान ९ बजे रौनियार सेवा समितिको सभाहलमा स्वजातिको विशेष भेला आह्वान गरिएको हुँदा समयमै अनिवार्य उपस्थितिका लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

शिवनाथ प्रसाद साह
ज्येष्ठ संरक्षक सदस्य एवं
अध्यक्ष, नेपाल रौनियार महासंघ

डिजिटल कारोबारबारे सचेत बनौं

डिजिटल बैंकिङ्गको सुरक्षाका लागि:

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक WI-FI प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कल मार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खबर गरौं ।

“डिजिटल कारोबार सुरक्षित बनाऔं”

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८